# अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

अनुसन्धान एक खोजमूलक कार्य हो । अनुसन्धानबाट नयाँ नयाँ सत्यको प्रतिपादन हुने गर्दछ । नयाँ सत्य तथ्यको उद्घाटन गर्नका लागि अनुसन्धान गर्ने गरिन्छ । यहाँ कक्षा एघारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरिएको छ । तत्सम शब्दको बनावट तत् र सम को योगबाट बनेको हुन्छ । तत् को अर्थ त्यसमा र सम को अर्थ उस्तै वा समान हो । यसले तत्सम शब्दको अर्थ संस्कृत भाषामा प्रयुक्त नेपाली आँउदा कुनै परिवर्तन नभइ सोझै आएर प्रयोग भएका शब्दहरूलाई तत्सम शब्द भनिन्छ । यी शब्दहरूको तत्सम शब्दको पहिचान नेपाली भाषाका शाब्दिक अर्थपूर्णताको खाडल पुर्ने कार्य गरेका छन् ।

कक्षा एघारमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि यो अनुसन्धानले भरपुर सहयोग गर्नेछ । कथा विधामा समाविष्ट तत्सम शब्दहरूको निर्माण प्रक्रिया, अर्थ, शब्दवर्ग आवृत्तिको अध्ययन अनुसन्धान गरिएको छ । तत्सम शब्दको बोध क्षमता सबै विद्यार्थीहरूमा निपूर्ण नहुने भएकोले तत्सम शब्दको शोधकार्यले विद्यार्थी, शिक्षक वर्गहरूलाई सहज बनाई सहयोग पुऱ्याउने छ ।

यो सोधपत्र तयार गर्नुपूर्व नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं. २०७७/२०७८ सालमा प्रकाशित कक्षा एघारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन नगरिएकाले यस शीर्षकमा अध्ययन गर्न आवश्यक देखिएको छ ।

## १.२ समस्या कथन

यस अध्ययनमा कक्षा एघारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधालाई आधार बनाई त्यस विधामा प्रयुक्त तत्सम शब्दहरूलाई निम्न लिखित समस्याका रूपमा अध्ययन गरिएको ।

क) कक्षा एघारको नेपाली पाठ्यपुस्तक अन्तर्गत कथा विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् ?

ख) ती शब्दहरू शब्दवर्गका आधारमा कस्ता छन् ?

ग) ती शब्दहरूका बनोट वा व्युत्पत्ति के कस्ता छन् ?

घ) ती शब्दहरू अर्थगत आधारमा कस्ता छन् ?

ङ) ती शब्दहरूको आवृत्ति कस्तो छ ?

## १.३ उद्देश्यहरू

यो अध्ययन निम्न लिखित उद्देश्यमा केन्द्रित हुनेछ :

क) कक्षा एघारको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू पत्ता लगाउनु,

ख) ती शब्दहरूका शब्दवर्ग पत्ता लगाउनु,

ग) ती शब्दहरूका बनोट वा व्युत्पत्ति देखाउनु,

घ) ती शब्दहरूका अर्थ पत्ता लगाउनु,

ङ) ती शब्दहरूको आवृत्ति अवस्था पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य तथा महत्त्व

यस शोधकार्यमा कक्षा एघारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको व्यवस्थित अध्ययन गरिनेछ । कक्षा एघारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त शब्दहरूको खोजी गरी अध्ययन विश्लेषण गर्नु नै कार्यको औचित्य तथा महत्त्व रहेको छ ।

संस्कृत भाषाबाट रूप परिवर्तन नभई (जस्ताको तस्तै) नेपाली भाषामा प्रयोग हुन आएका शब्दलाई तत्सम शब्द भनिन्छ । तत्सम शब्दको प्रयोग बढी भएमा वा तत्सम शब्दको प्रयोगले कथा पाठ्यहरूमा कतिपय पाठकहरूलाई भाषाको बुझाइमा क्लिष्टता र दुर्वोध्यता जस्ता समस्या सामान्य हुने गर्दछ । यस्तो स्थितिमा कक्षा एघारमा अध्ययन गर्ने विद्यार्थी र अध्यापन गराउनु हुने शिक्षकहरूलाई आवश्यक साथै कक्षा एघारको नेपाली पाठ्यपुस्तको कथा विधामा के कति मात्रामा कसरी प्रयोग भएका छन् र सो तहको लागि शब्द स्रोतको आधारमा स्तर अनुकूल छन्, छैनन् भन्ने कुराको जानकारीसमेत यो शोधकार्यले दिने भएकोले कक्षा एघारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा रहेका तत्सम शब्दको बनोट वा व्युत्पत्ति शब्दहरूको आवृत्तिको अवस्थाको जानकारी दिने भएकोले यो सोधकार्यले महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ ।

यस शोधकार्यले पाठ्यक्रम निर्मातालाई आगामी दिनमा के कस्ता तत्सम शब्दहरू प्रयोग गर्ने र प्रयोग भएका छन् भन्ने कुराको जानकारी पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनमा सहयोग पुऱ्याउने छ । अतः यस शोधकार्यले कक्षा एघारमा अध्ययनरत विद्यार्थी, अध्यापन गर्ने शिक्षक पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक लेखनहरू अन्य सरोकारवालालाई सहयोग पुगी मार्ग निर्देशन दिने भएकोले यो सोधकार्य महत्त्वपूर्ण रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधकार्य नेपाल सरकार शिक्षा मन्त्रालय सानोठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा एघारको नेपाली पाठ्यपुस्तकको कथा विधा र 'सफलताको कथा' रिपोर्ताजमूलक रचनालाई लिइएको छ । यस अध्ययनलाई शोधको प्रयोजन, आर्थिक सुझाव, समयको गति, जनशक्ति अभाव आदि विविध समस्याका कारण निम्न लिखित सीमामा रहेर अध्ययन गरिएको छ :

क) प्रस्तुत अध्ययन कक्षा एघारको नेपाली पाठ्यपुस्तकको कथा विधामा रहेका तत्सम शब्दहरको अध्ययनमा सिमित रहेको छ ।

ख) कथा र रिपोर्ताजमूलक रचनाबाट सङ्कलित तत्सम शब्दलाई वर्ग, व्युत्पत्ति र अर्थ छुट्याई राखिएको छ ।

ग) शब्दहरूको अध्ययन, स्रोत  र बनोटको आधारमा मात्र गरिएको छ ।

घ) शब्दहरूको आवृत्ति अवस्था समावेश गरिएको छ ।

ङ) अभ्यास खण्डलाई समावेश नगरिने ।

च) शब्द अध्ययनको आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| अध्याय एक | : | शोधको परिचय |
| अध्याय दुई | : | पूर्वकार्यको समीक्षा तथा सैदान्तिक धारणात्मक संरचना |
| अध्याय तीन | : | अध्ययन प्रक्रिया/विधि |
| अध्याय चार | : | नतिजा र परिणाम |
| अध्याय पाँच | : | निष्कर्ष तथा सुझाव |

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

नेपाली भाषाको विभिन्न विधामा रहेका तत्सम शब्दहरूको अघिल्लो चरणमा अघिल्ला अनुसन्धानहरूको बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ । प्रस्तुत शोधसँग सम्बन्धित अनुसन्धान निम्नानुसार रहेका छन् ।

यादव (२०७०) द्वारा **स्नातक तहको प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअन्तर्गत एम.एड दोस्रो वर्षको नेपाशि ५९८ पाठ्याशंको आंशिक आवश्यकता परिपूर्ति प्रयोजनार्थ शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा निबन्धको सैद्धान्तिक स्वरूपको चर्चा गरिएको छ । स्रोतका दृष्टिले शब्दको वर्गीकरण गरी तत्सम शब्दको स्वरूप पहिल्याउनु, पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको छ । यस अध्ययनमा पुस्तककालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधि जस्ता अध्ययन विधिको माध्यमबाट निष्कर्ष निकालिएको छ ।

उक्त शोधपत्रमा स्नातक तहको प्रथम वर्षको अनिवार्य नेपालीमा समाविष्ट निबन्ध विधाका सबै निबन्धहरूमा भएका तत्सम शब्दको अध्ययन गर्दा नाम शब्दवर्गका सबैभन्दा बढी तत्सम शब्द प्रयोग भएको पाइन्छ । उक्त अध्ययनमा सो तहमा समाविष्ट निबन्धहरूमा सबै निबन्धमा स्तरअनुकूल नै तत्सम शब्दको प्रयोग भएको पाइन्छ । यो अध्ययनले सबैभन्दा कम तत्सम शब्द 'टाउको' निबन्धमा प्रयोग भएको भन्ने निष्कर्ष निकालेको छ ।

नेम्वाङ (२०७१) द्वारा **कक्षा ९ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्याशंको आंशिक आवश्यकता परिपूर्ति प्रयोजनार्थ शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधपत्रको उद्देश्यमा कथाको सैद्धान्तिक स्वरूपको अध्ययन गर्नु, स्रोतका दृष्टिले शब्दको वर्गीकरण गर्नु, नेपाली भाषाको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको र पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि, छलफल विधि, विश्लेषण जस्ता विधिको प्रयोग गरिएको छ ।

उक्त शोधपत्रमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समावेश कथाहरू कर्तव्य, दोषी चस्मा र न्यायको पक्ष कथामा भएका सम्पूर्ण ६२७२ शब्दसङ्ख्या मध्ये अनावृत शब्दसङ्ख्या १३५७

को उपस्थितिमा नदोहोरिएका १९ प्रतिशतभन्दा बढी शब्दको सम्पूर्ण शब्दको करिब एक चौथाई भाग ओगटेको देखिन्छ । उपसर्ग, प्रत्यय र पदवर्गको आधारमा विश्लेषण गरिएको यो शोधपत्रले सम्पूर्ण सङ्ख्यामा आवृत सङ्ख्याको विवरण सन्तोषजनक रहेको निष्कर्ष निकालेको छ ।

बस्नेत (२०७२) द्वारा **स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्द** शीर्षकमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्याशंको आंशिक आवश्यकता परिपूर्तिको लागि शोधपत्र तयार पारिएको देखिन्छ । तत्सम शब्दको वर्गीकरण र शब्दको संक्षिप्त परिचय दिनु, स्नातक अनिवार्य पारिएको देखिन्छ । तत्सम शब्दको वर्गीकरण र शब्दको संक्षिप्त परिचय दिनु, स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु, कथा विधामा उपसर्ग र प्रत्ययको विधामा समास र द्वित्व शब्दको निर्माण प्रक्रिया पहिचान गर्नु जस्ता उद्देश्य राखिएको सो शोधपत्रमा मुख्य रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

उक्त शोधपत्रमा तत्सम शब्दको शब्दवर्ग छुट्याउनुका साथै शब्दको निर्माण प्रक्रिया, अर्थ तथा पाठ र पृष्ठ सङ्ख्या पनि उल्लेख गरिएको छ । स्नातक तहको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गरिएको यो शोधपत्र स्नातक तहमा अध्ययन गरिरहेका विद्यार्थी र शिक्षक वर्गको लागि उपयोगी देखिन्छ (बस्नेत, २०७१:पृ.५६) ।

दाहाल (२०६७) द्वारा **कथा ११ को नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त शब्दहरूको अध्ययन** जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्याशं नेपा.शि. को प्रयोजनको लागि तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा शब्दवर्ग, शब्दनिर्माण प्रक्रिया, शब्दार्थ, पृष्ठ सङ्ख्या आदि उल्लेख गरिएको पाइन्छ । उक्त शोधपत्रमा निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको पहिचान गर्नु, स्रोतका आधारमा शब्दको परिचय दिनु, तत्सम शब्दको बनोट प्रक्रिया पत्ता लगाउनु जस्ता उद्देश्य राखिएको अध्ययनमा पाठ्यपुस्तक विधि, छलफल विधि, पुस्तकालयीय विधि जस्ता विधिको प्रयोग गरिएको छ ।

उक्त शोधपत्र कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका निबन्ध मध्ये 'आइमाई साथी' निबन्धमा २१३, 'भलादमी' निबन्धमा १२८, 'म फूल लिएर आउनेछु', निबन्धमा ९४, 'आलु' निबन्धमा १२८ तत्सम शब्द रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा कक्षा ११ को स्तर र क्षमता अनुरूप नै तत्सम शब्दको प्रयोग निबन्धमा भएको भन्ने निष्कर्ष निकालिएको छ । शब्दको परिचय, शब्दको वर्गीकरण र तत्सम शब्दहरूको अध्ययन गरिएको यो शोधकार्य तत्सम शब्दको अध्ययनमा महतत्वपूर्ण रूपमा लिने सकिन्छ (दाहाल, २०६७:पृ.५७) ।

भट्टराई (२०६६) द्वारा **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दको अध्ययन** शीर्षकमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गतको विश्वविद्यालय क्याम्पस नेपाली शिक्षा विभागबाट स्नातकोत्तर दोस्रो ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिको प्रयोजनार्थ यो शोधकार्य सम्पन्न भएको पाइन्छ । कक्षा ५ को नेपाली पाठ्यपुस्तकमा रहेका तत्सम शब्दहरू पहिल्याउनु, ती शब्दको बनोट प्रक्रिया पत्ता लगाउनु, ती शब्दको पदवर्ग छुट्याउनु, शब्द निर्माणमा सर्ग स्थिति देखाउनु जस्ता उद्देश्य राखिएको उक्त शोधपत्रमा मुख्य रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

उक्त शोधपत्रअनुसार कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका ८३३५ शब्द मध्ये अनावृत्त शब्द सङ्ख्या १८५० ले २२.१९ प्रतिशत अनावृत्त शब्दहरू रहेको बताउँछ । ती शब्दहरूमा उपसर्ग लागेका २० प्रतिशत, प्रत्यय लागेका ३८ प्रतिशत तत्सम शब्द भएको कुरा उल्लेख गरिएको छ । कक्षा पाँचको स्तरअनुसार भाषाको स्तरीयता र शब्दभण्डारको विकासका लागि अनावृत्त तत्सम शब्दलाई ३५ प्रतिशतसम्म बनाउनु पर्ने देखिएता पनि तहअनुसार तत्समको प्रयोग भने सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ (भट्टराई, २०६६:पृ.५२ र ५२) ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

स्नातक तह प्रथम वर्षको ऐच्छिक नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन हालसम्म कसैले अध्ययन नगरेको शीर्षकमा अनुसन्धान गरिनु आवशयक रहेको पुष्टि हुन्छ । यस भन्दा अगाडि शब्दभण्डारको क्षेत्रमा धेरै अनुसन्धान भएका छन् । ती अनुसन्धानले आवश्यक मार्गनिर्देशन गर्ने भएकाले ती अनुसन्धानका बारेमा अध्ययन गर्न जरूरी छ । यस अघि यादव (२०७०) द्वारा **स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । उक्त शोधमा निबन्ध विधामा समावेश तत्सम शब्दको अर्थ व्युत्पत्ति, पाठ र पृष्ठ सङ्ख्या उल्लेख गरेका छन् । त्यसैगरी नेम्वाङले **कक्षा ९ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दका अध्ययन** गरेकी छिन् । उक्त शोधकार्यमा सम्पूर्ण शब्दसङ्ख्या उल्लेख गरी उपसर्ग, पदवर्गको आधारमा विश्लेषण गरिएको छ । त्यस्तै नारायण बस्नेतले **स्नातक तहको अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू** शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । यस शोधमा पनि तत्सम शब्दको शब्दवर्ग, शब्द निर्माण प्रक्रिया, अर्थ र पृष्ठसङ्ख्या उल्लेख गरिएको छ । त्यसैगरी दाहालले **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकको प्रयोग शोधकार्य सम्पन्न गरेकी छिन् । यस शोधकार्यमा कुनकुन पाठमा कति तत्सम शब्दको प्रयोग भएको छ ? त्यसको जानकारी दिँदै ती शब्दको शब्दवर्ग, शब्दनिर्माण प्रक्रिया, शब्दार्थ र

पृष्ठसङ्ख्या उल्लेख गरिएको छ । त्यसैगरी हिरा भट्टराईले **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दको अध्ययन** शीर्षकमा अर्को शोधकार्य सम्पन्न गरेकी छिन् । उक्त शोधकार्यमा तत्सम शब्दको अर्थ, व्युत्पत्ति र पदवर्ग उल्लेख गरेकी छिन् ।

माथि सम्पन्न गरिएका शोधकार्यमा कुनैमा तत्सम शब्दको शब्दवर्ग, शब्दनिर्माण प्रक्रिया, अर्थ, पृष्ठसङ्ख्या, पाठ, तत्सम शब्दको आवृत्ति मध्ये कसैले शब्दवर्गलाई, कसैले अर्थ र पृष्ठलाई त कसैले आवृत्तिलाई उपेक्षा गरेको पाइन्छ । तर यो **कक्षा एघारको नेपाली पाठ्यपुस्तक** (२०७७) **को कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकको शोधपत्रमा तत्सम शब्दको शब्दवर्ग, शब्द बनोट प्रक्रिया, अर्थ, पाठ, पृष्ठसङ्ख्या र तत्सम शब्दको आवृत्तिको स्थिति जस्ता पक्षहरू समावेश गरिनुका साथै कुन पाठमा कति तत्सम शब्दहरू आवृत्ति भएका छन् । यसको जानकारी पनि तालिकामा प्रस्तुत गरिएकाले यो विशुद्ध मौलिक शोधपत्र रहेको छ ।

यस शोधपत्रले कक्षा एघारको नेपाली पाठ्यपुस्तक अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षकलाई प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने छ । यसका साथै कुन पाठमा कति तत्सम शब्दको प्रयोग भएको छ, ती पाठहरू कुन तहका लागि उपयुक्त छन् भन्ने कुराको जानकारी पाठ्यक्रम निर्मातालाई र अन्य सरोकारवालालाई पनि आवश्यक सहयोग प्रदान गर्नेछ अत : यो शोधपत्र नीतिगत रूपमा पाठनपाठनको क्षेत्रमा पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनमा कार्यान्वयन गर्न सकिनेछ ।

### २.३ सैद्धान्तिक र धारणात्मक संरचना

यस अनुसन्धानलाई पूर्ण रूपमा तयार पार्न नेपाली बृहत शब्दकोश (२०४०), प्रयोगात्मक शब्दकोश र बि.एड प्रथम वर्षको ऐच्छिक नेपाली पाठ्यपुस्तकलाई आधार मानिएको छ ।

**क) स्रोतको आधारमा शब्दको वर्गीकरण**

नेपाली भाषामा विभिन्न स्रोतबाट आएका शब्दहरू प्रशस्त छन् । नेपाली भाषाको शब्दभण्डारलाई हेर्दा यसमा नेपाली भाषाका आफ्नै शब्द लगायत विभिन्न भाषाबाट आएका धेरै शब्दहरू रहेका छन् । यसरी शब्दभण्डारलाई केलाउँदा नेपाली भाषाका शब्दलाई मौलिक र आगन्तुक गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

**ख) मौलिक शब्द**

संस्कृत भाषाबाट नेपाली भाषामा आएका शब्दलाई मौलिक शब्द भनिन्छ । मौलिक स्रोतमा तत्सम तत्भव र देशज गरी तीन प्रकारका शब्दहरू रहेको पाइन्छ ।

- तत्सम शब्द : संस्कृतबाट नेपालीमा जस्ताको जस्तै आएका शब्द तत्सम शब्द हुन । जस्तै : संस्कृतमा 'तत्' को अर्थ त्यो र 'सम' को अर्थ समान भन्ने हुन्छ । यस अर्थमा 'तत्' समान अर्थात् संस्कृत समान नेपालीमा प्रयोग भएका शब्दहरू तत्सम शब्दहरू भन्ने हुन्छ । अरू भाषाबाट रूप नफेरिई आफ्नो भाषामा आएका जस्ताको तस्तै चलेका शब्द तत्सम शब्द हुन् (ने.वृ.श., २०४०:५८२) । जस्तै : आकाश, पृथ्वी, पुष्टि, पाठशाला, राजा, प्रजा आदि ।

- तद्भव शब्द : संस्कृतबाट प्राकृत हुँदै नेपाली भाषामा आइपुग्दा अपभ्रंश भएर वा रूप फेरिएर प्रयोग भएका शब्द तद्भव शब्द हुन् । तद्भवको अर्थ त्यसबाट भएको भन्ने हो । संस्कृत भाषाबाट विभिन्न चरणहरूमा परिवर्तित र विकसित हुँदै आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ (बराल र एटम, २०६६:२९) ।

  जस्तै :

| संस्कृत | प्राकृत | नेपाली |
|---|---|---|
| अग्नि | अग्नि | आगो |
| कर्म | कम्भ | काम |

- देशज शब्द : नेपाली भाषीहरूले आफैँ उब्जाएका शब्दहरू चाहिँ देशज शब्द हुन् (पौडेल, २०६६:३४) । जस्तै : थपक्क, जुरूक्क, सलसल, ढसमस्स, टुप्लुक्क आदि ।

**आ) आगन्तुक शब्द**

संस्कृतभन्दा बाहेकका र अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । आगन्तुक स्रोतमा भारोपेली परिवार र अभारोपेली परिवारबाट आएका शब्दहरू पर्दछन् यी दुई प्रकारका छन् ।

- देशज : आफ्नै देशभित्रकै विभिन्न प्रकारका भाषा तथा भाषिकाबाट नेपालीमा नामक भाषामा आएका शब्दहरू देशज आगन्तुक शब्द हुन् (पौडेल, २०६६:३४) । जस्तै : घेवा, ल्होछार क्वाँटी, योमरी आदि ।

- विदेशज : नेपालमा बोलिने अन्य विदेशी भाषाको सम्पर्क र प्रभावबाट आवागमन भएका शब्दहरू आगन्तुक शब्द हुन (पौडेल, २०६६:३४) । जस्तै : जेल, मोटर, चाउचाउ, कैँची आदि ।

‘कक्षा एघारको नेपाली पाठ्यपुस्तक (२०७७) को कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन’ शीर्षकमा यो शोधपत्र तयार पारिएको छ । विभिन्न प्रकारका शब्दहरू मध्ये यस शोधपत्रमा तत्सम शब्दको मात्र अध्ययन गरिएको छ । यो शोत्रपत्र तयार पूर्व कक्षा एघारको नेपाली पाठ्यपुस्तकको कथा विधाको तत्सम शब्दको अध्ययन नगरिएकाले यस शीर्षकमा अध्ययन गर्न आवश्यक देखिएको छ । यो शोधपत्र कक्षा एघारको नेपाली पाठ्यपुस्तक अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षक वा प्राध्यापकवर्गलाई लक्षित गरी तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपाली ५९८ को प्रयोजनार्थ तयार गरिएको छ ।

## अध्याय तीन

## अध्ययनको प्रक्रिया/विधि

### ३.१ शोधविधि

कुनै पनि कुरालाई वास्ताविक रूप दिएर सजीव वा प्रभावकारी बनाउन विभिन्न किसिमका विधि तथा तरिकाहरूको आवश्यकत पर्दछ । एउटै मात्र विधि र प्रक्रिया प्रयोग गर्दा कुनै पनि कार्य प्रभावकारी, विश्वानीय र प्रमाणिक हुन सक्दैन । त्यसैले अध्ययन अनुसन्धान पनि एक विशिष्ट व्यवस्थित सत्य तथ्यको वास्ताविक खोजी कार्य भएकाले यसका लागि विभिन्न किसिमका विधिहरू अपनाउनु पर्दछ । यस अध्ययनमा कक्षा एघारको नेपाली पाठ्यपुस्तकमा रहेका कथा विधाको तत्सम शब्दको प्रकृति बनोट वर्ग र अर्थलाई विश्लेषण गरिने हुँदा पुस्तकालय विधि, पाठ्यपुस्तक विधि, छलफल विधि र शोध निर्देशकज्यूको सल्लाह एवम् सुझावको साथै निर्देशनलाई शिरोपर गर्दै शोधकार्य अगाडि बढाइएको छ ।

### ३.२ जनसङ्ख्या र नमुना

अनुसन्धान कार्य तथ्य, प्रमाण वा सामग्रीमा आधारित अध्ययन हो । यस शोधपत्रमा जनसङ्ख्याको रूपमा कक्षा एघारको नेपाली कथा विधामा भएका सबै तत्सम शब्दहरूलाई लिएको छ ।

### ३.३ नमुना छनोट प्रक्रिया

यस शोधपत्रमा कक्षा एघारको नेपाली पाठ्यपुस्तक कथा विधामा प्रयुक्त तत्सम शब्दहरूलाई जनसङ्ख्याको रूपमा लिई पुस्तकालयीय विधि अपनाएर नमुना छनोट गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

**क) प्राथमिक स्रोत (सामग्री)**

प्रस्तुत शोधपत्र कक्षा एघारको नेपाली विषयको निबन्ध र कथा विद्यामा रहेको तत्सम शब्दहरूको अध्ययनमा केन्द्रित रहेकोले कक्षा एघारको नेपाली पाठ्यपुस्तकलाई नै पूर्वप्राथमिक सामग्रीको रूपमा लिइएको छ ।

**ख) द्वितीयक स्रोत (सामग्री)**

यस शोधकर्ताको द्वितीयक स्रोत अन्तर्गत सैद्धान्तिक अध्ययनका निम्ति नेपाली भाषा व्याकरणका पुस्तकहरू र शब्दकोषहरू, शिक्षक सुझाव तथा निर्देशनलाई लिइएको छ ।

माथि उल्लेखित स्रोतका आधारमा विश्लेषणात्मक र प्रयोगात्मक विधि अपनाई तत्सम शब्दहरूको विश्लेषण गरी शोधपत्र तयार गरिएको छ ।

## अध्याय चार

## नतिजा र परिणाम

### ४.१ तत्सम शब्दको विश्लेषण

### ४.१.१ 'गाउँको माया' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण

आधुनिक नेपाली साहित्यको आख्यान विधामा आफ्नो छुट्टै पहिचान बनाउन सफल इस्मालीको जन्म वि.सं. २०१२ जेष्ठ ४ गते महोत्तरी जिल्लाको औरहीमा भएको थियो । नेपाली आख्यान तथा बाल साहित्य लेखनको क्षेत्रमा इस्मालीले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । सामाजिक यथार्य, घटना, पात्र र परिवेशको चित्रण गर्ने इस्माली सामाजिक कथाकार हुन् । त्यसैगरी उनी सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक आदि क्षेत्रका शोषण, अन्याय, अत्याचार, घुसखोरी, कुरीति, कुसंस्कारको चित्रण गरी समाज सुधारको चाहना राख्ने प्रगतिवादी कथाकार हुन् ।

'गाउँको माया' कथामा विशेष गरेर आगन्तुक शब्दको अधिक रूपमा प्रयोग गरिएको छ भने तत्सम शब्दहरूको प्रयोग तुलनात्मक रूपमा कम प्रयोग गरिएको छ । यो कथामा प्रयोग भएका तत्सम शब्दहरूलाई निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका १ : 'गाउँको माया' कथामा प्रयुक्त तत्सम शब्दहरू

| क.सं. | शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | वर्ष | ना. | मूलशब्द | कालको एक प्रसिद्ध मान; साल | १२ |
| २ | महावीर | ना. | महा+वीर | ठूलो; उच्च; विशाल; महत् । | १२ |
| ३ | पीडा | ना. | पीड+आ | शरीरमा प्रहार तथा आघात पर्दा हुने दर्द; वेदना कष्ट । | १२ |
| ४ | भविष्य | ना. | भू+(इ)+स्य | वर्तमानभन्दा पछिको समय । | १३ |
| ५ | अथवा | ना. | संयो. वि. | पद पदावली; उपवाक्य आदिलाई जोड्नका लागि प्रयोगमा आउने संयोजक शब्द; विकल्प केही सुध्रेको । | १३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | जीवन | ना. | जीव+अन | प्राणीको जन्मेदेखि मृत्युसम्मको अवधि; आयु; जिन्दगी । | १२ |
| ७ | स्वयम् | सर्व. | मूलशब्द | आफू; आफू नै । | १२ |
| ८ | व्यङ्ग्य | ना. | वि+अञ्ज+य | घुमाउरो तरिकाले भनिएको कुरो; कसैलाई पेच पर्ने गरी भनिने कुरा । | १२ |
| ९ | उन्मुक्त | वि. | उत्+मुक्त | बाधा वा बन्धन छुटेको; मुक्त भएको; खुला । | १३ |
| १० | यति | वि. | यो+ति | नाप्दा; तौलँदा; गन्दा आउने परिमाण । | १३ |
| ११ | गीत | ना | मूलशब्द | गाउन सकिने लय मिलेको रचना; गाना; गान । | १३ |
| १२ | परम्परा | ना. | परम्+परा | धेरै पहिलेदेखि चलिआएको प्रचलन; रिवाज; प्रथा । | १३ |
| १३ | अनन्त | वि. | अन्+अन्त | अन्त वा सीमा नभएको; असीमित; असीम । | १३ |
| १४ | क्रमशः | क्रि.यो. | क्रम+शः | क्रमैसँग; क्रमले; सिलसिलाबद्ध तरिकाले । | १३ |
| १५ | हस्तान्तरण | ना. | हस्त+अन्तरण | अर्काको जिम्मा लगाउने काम; एकसँग भएको वस्तु अर्कालाई दिने काम । | १३ |
| १६ | विद्यालय | ना. | विद्या+आलय | विद्यार्थीलाई पढाउने सुविधा भएको शैक्षिक संस्था; पाठशाला; शिक्षालय । | १३ |
| १७ | अन्तराल | ना. | अन्तर+आल | दुई बिन्दु; वस्तु वा समयका बिचको खाली भाग; दुरी; अवकाश वा अन्तर । | १३ |
| १८ | सम्बन्ध | ना. | सम्+बन्ध | कुनै वस्तुलाई अर्को वस्तुसँग जोड्ने काम; योग; संयोग; संलग्नता । | १३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | श्रम | ना. | मूलशब्द | कुनै वस्तु उत्पादन गर्दा वा केही काम गर्दा पर्ने शारीरिक शक्ति; मिहिनेत; परिश्रम । | १३ |
| २० | अनुहार | ना. | अनु+हार | मुख मण्डल; चेहरा । | १४ |
| २१ | कदापि | क्रि.यो. | कदा+अपि | कहिल्यै पनि; कुनै हालतमा; किमार्थ । | १३ |
| २२ | प्यास | ना. | मूलशब्द | पानी आदि पिउने इच्छा; तिर्खा । | १४ |
| २३ | अन्याय | ना. | अ+न्याय | नीति तथा नियम विरूद्ध गरिने काम; निसाफ नभएको स्थिति; न्यायको अभाव । | १४ |
| २४ | वर्षा | ना. | वर्ष+आ | आकाशबाट पानी पर्ने काम; वृष्टि; झरी; वर्सात । | १४ |
| २५ | मूल | ना. | मूलशब्द | बोट विरूवाको जरो वा जरामा फल्ने कन्द; उत्पत्ति भएको ठाउँ उद्गम; स्रोत; मुहान । | १४ |
| २६ | विशेष | वि. | वि+शेष | गुण रूप; मात्रा आदिको आधारमा अरूभन्दा बढी महत्त्वको; अरूभन्दा भिन्न; विशिष्ट । | १४ |
| २७ | रूचि | ना. | रूच्+ई | खाने इच्छा; स्वाद; भोक । | १४ |
| २८ | यही | सर्व | यो+ही | नजिकको धेरै वस्तुमध्ये छानेर देखाउँदा भनिने शब्द; यो नै यो चाहिँ । | १४ |
| २९ | आर्द्र | वि. | मूलशब्द | भिजेको; ओसिएको; चिसो वस्त्र । | १४ |
| ३० | स्वर | ना. | मूलशब्द | व्यक्त वा अव्यक्त आवाज । | १४ |
| ३१ | अर्थात् | संयो | मूलशब्द | एउटा शब्द; पदावली वा उपवाक्यमा भनिएको कुरालाई अर्को ढङ्गले स्पष्ट | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पार्दा प्रयोग हुने शब्द । | |
| ३२ | क्रीतदास | ना. | कृत्+दास | पहिलेपहिले मालिकको किनबेचका आधारमा आजीवन परश्रयी भएर काममा जोतिने; सेवक; नोकर । | १४ |
| ३३ | कृपा | ना. | मूलशब्द | आफूभन्दा साना वा असहायलाई देखाइने दया; माया; अनुग्रह; निगाह | १४ |
| ३४ | पुर्खा | ना. | मूलशब्द | आफूभन्दा पहिलेको वंश; पूर्वज बाबु बाजे | १४ |
| ३५ | भूमिका | ना. | भूमि+क+आ | कुनै पुस्तकको मुख्य विषयवस्तु सुरू हुनुभन्दा पहिले त्यस पुस्तकको बारे लेखिएको परिचयात्मक लेख; वक्तव्य; प्राक्कथन; मन्तव्य आदि । | १५ |
| ३६ | मुद्रा | ना. | मूलशब्द | कुनै वस्तुलाई आधिकारिक रूपमा प्रमाणित गर्ने नाम; चिह्न आदि लगाउने छाप । | |
| ३७ | फूल | ना. | मूलशब्द | बोटविरूवामा फल लाग्नुभन्दा महिले निस्कने मनोहर एवम् सुकोमल | १५ |
| ३८ | उत्तर | ना. | उत्+तर् | चार दिशामध्ये एक दिशा । सुर्योयद तिर फर्कदा बायाँ हातपट्टि पर्ने दिशा; पछिआउने वा पछिल्लो भन्ने अर्थमा; सवालको जवाफ । | १५ |
| ३९ | रण | ना. | मूलशब्द | युद्ध | १५ |
| ४० | दुःख | ना. | मूलशब्द | दुःख; कष्ट | १५ |
| ४१ | मूर्ख | ना. | मूलशब्द | बुद्धि नभएको; नपढेको; अज्ञानी । | १५ |
| ४२ | अभिमान | ना. | अभि+मान | आफूलाई ठूलो ठान्ने भाव वा त्यस्तो | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सोचाई घमण्ड; गर्व । | |
| ४३ | मर्माहत | वि. | मर्म+आहत | मर्ममा आधात वा चोट लागेको । | १५ |
| ४४ | लज्जित | वि. | लज्ज+इत | लजाएको; लाज मानेको । | १५ |
| ४५ | वाचा | ना. | वाक्+आ | अरू समक्ष गरिने प्रतिज्ञा; कबुल । | १५ |

कथाकार इस्मालीद्वारा लिखित कथा 'गाउँको माया' मा तत्सम; तद्भव; आगन्तुक गरी जम्मा १०७२ ओटा शब्दहरू रहेका पाइन्छन् । जसमध्ये ६२ ओटा तत्सम शब्द रहेका छन् । प्रतिशतका दृष्टिले ५.६९० प्रतिशत तत्सम शब्दको प्रयोग कथामा गरिएको छ । यस कथामा आवृत्ति भएका शब्दलाई तालिकामा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

तालिका २ : शब्द आवृत्ति

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| वर्ष | ३ | विद्यालय | ३ |
| महावीर | २ | स्वर | ३ |
| जीवन | ४ | अभिमान | २ |
| स्वर | ३ | इज्जत | ३ |
| अथवा | ३ | | |

'गाउँको माया' कथामा जम्मा ९ ओटा शब्दहरू आवृत्ति भएको देखिन्छ । जसमा 'जीवन' सबैभन्दा बढी ४ पटक आवृत्ति भएको देखिन्छ भने अभिमान शब्दहरू सबैभन्दा कम २ पटक मात्र प्रयोग भएको पाइन्छ ।

### ४.१.२ 'त्यो फेरि फर्कला ?' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण

मनोवैज्ञानिक कथाकार भवानी भिक्षु (१९६६-२०३८) द्वारा लेखिएको 'त्यो फेरि फर्कला ?' कथा सफल मनोवैज्ञानिक कथा हो । पात्रको मनोदशामा देखापर्ने उतारचढाव र परिवर्तनलाई सूक्ष्म रूपमा विश्लेषण गरिएको भवानी भिक्षुको कथा 'त्यो फेरि फर्कला ?' मा कथाकी मुख्य पात्र सानीको मानसिकतामा आएको परिवर्तनलाई केस्रा केस्रा गरेर केलाइएको छ ।

यस कथामा तत्सम; तद्भव र आगन्तुक गरेर सबै प्रकारका शब्दको संयोजन भएको देखिन्छ । यस कथामा तत्सम र शब्दको अत्याधिक प्रयोग गरिएको देखिन्छ । यस कथामा प्रयुक्त तत्सम शब्दलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

तालिका ३ : 'त्यो फेरि फर्कला' कथामा प्रयुक्त तत्सम शब्दहरू

| क.सं. | शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | भवानी | ना. | भव+आनी | देवीको एक नाम । | ७७ |
| २ | भिक्षु | ना. | भिक्ष+उ | भिक्षा माग्ने व्यक्ति; भिखारी; भिक्षुक । | ७७ |
| ३ | क्रमशः | क्रि.यो. | क्रम+शः | क्रमैसँग; क्रमले; सिलसिलाबद्ध । | ७७ |
| ४ | कष्टप्रद | वि. | कष्ट+प्रद | कष्टदायी; कष्टदायक; दुःखदायी; पीडादायी । | ७७ |
| ५ | दुर्गम | वि. | दुर्+गम | जान कठिन; आवत जावत गर्न कठिन हुने विकट । | ७७ |
| ६ | क्षीण | वि. | क्षी+न | खिएको; घटेको । | ७७ |
| ७ | भ्रम | ना. | मूलशब्द | एउटा वस्तुलाई अर्कैवस्तु ठान्दाको स्थिति; आभास; मिथ्या ज्ञान; भान; शङ्का; सन्देह । | ७७ |
| ८ | सूर्य | ना. | मूलशब्द | दिनको समयमा आकाशमा देखिने पृथ्वीमा ताप र प्रकाश दिने अत्यन्त चम्किलो वस्तु; पृथ्वीमा रात र दिन | ७७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | छुट्याउने ग्रह । | |
| ९ | पर्वत | ना. | मूलशब्द | ठूलो थुम्को; पहाड । | ७७ |
| १० | अविराम | वि. | अ+विराम | विश्राम नभएको; नरोकिएको; अटुट निर्बाध । | ७७ |
| ११ | जगत् | ना. | मूलशब्द | संसार; विश्व; दुनियाँ । | ७७ |
| १२ | अनरूक्ति | ना. | मूलशब्द | कुनै व्यक्ति; विचार; चिन्तन वा धर्मप्रति झुकाव रहेको अवस्था; अनुराग; आशक्ति; आकर्षण; लगाब । | ७७ |
| १३ | यात्री | ना. | यात्रा+ई | यात्रा गर्ने व्यक्ति; यात्रु; बटुवा; पथिक । | ७७ |
| १४ | यौवन | ना. | मूलशब्द | तरूण अवस्था; जवानी; तन्नेरीपन । | ७७ |
| १५ | द्वार | ना. | मूलशब्द | ढोका; दैलो । | ७७ |
| १६ | पुष्ट | वि. | पुष्+त | भरिलो; पोटिलो; बलियो । | ७७ |
| १७ | तीव्र | वि. | मूलशब्द | धेरै छिटो वा असाध्य चाँडो; बेगिलो । | ७७ |
| १८ | कण्ठ | ना. | मूलशब्द | चिउँडामुनि रूद्राघन्टीको आसपासको भाग; गला; घाँटी । | ७७ |
| १९ | प्रतिक्षा | ना. | मूलशब्द | चाहेको वा खोजेको कुनै व्यक्ति; वस्तु आदिलाई भेट्न वा पाउन गरिएको ढुकाइ; कुराइ; रूङाइ । | ७७ |
| २० | आश्चर्य | ना. | मूलशब्द | कुनै नयाँ; अनौठो कुरा देख्दा लाग्ने अचम्म; उदेक; छक्क; विस्मय । | ७८ |
| २१ | अनुहार | ना. | अनु+हार | मुख; मुखमण्डल; चेहरा । | ७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | विश्वास | ना. | वि+श्वास | कुनै व्यक्ति वा उसको काममा भर पर्ने स्थिति; पत्यार वा भरोसा । | ७८ |
| २३ | सन्तोष | ना. | सम्+तुष | सुविधाको उपयोग वा उपभोग गरेर हुने खुसी; सन्तुष्टि । | ७८ |
| २४ | स्वस्थ | वि. | स्व+स्थ | शारीरिक; मानसिक रूपमा कुनै रोग नभएको; निरोगी; तन्दुरूस्त । | ७८ |
| २५ | निश्चय | ना. | निस्+चय | कुनै शङ्का तथा दुविधा नभएको स्थिति; पक्का; निधो; निर्क्यौल । | ७८ |
| २६ | निश्चिन्तता | ना. | निश्चिन्त+ता | निश्चित रहेको अवस्था; बेफिक्री । | ७८ |
| २७ | दृष्टि | ना. | दृश्+ति | हेर्ने काम; हेराइ; अवलोकन । | ७८ |
| २८ | सङ्कोच | ना. | सम्+कुच् | कुनै काम वा गतिविधिबाट हुने लज्जा वा असजिलो पन; धक । | ७९ |
| २९ | प्रकाश | ना. | प्र+काश | उज्यालो पार्ने तत्त्व; उज्यालो; ज्योति; आलोक । | ७९ |
| ३० | पार्वत्य | वि. | पर्वत+य | पर्वतमा हुने; पर्वत सम्बन्धी पर्वतीय । | ७९ |
| ३१ | वायु | ना. | मूलशब्द | रूख; पात आदि हल्लेको देखेर वा छालामा स्पर्श हुँदा थाहा पाइने तर आँखाले नदेखिने पृथ्वीको वातावरणमा पाइने महत्त्वपूर्ण एक तत्त्व; हावा; बतास । | ७९ |
| ३२ | युवा | ना. | मूलशब्द | जवान; युवक; तन्नेरी । | ७९ |
| ३३ | परिश्रम | ना. | परि+श्रम | काम गर्दाको थकाइ; श्रम । | ७९ |
| ३४ | दरिद्रता | ना. | दरिद्र+ता | सम्पत्तिको अभाव; निर्धनता; गरिबी । | ७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | आवरण | ना. | आ+वरण | कुनै कुरालाई ढाक्ने वा छोप्ने वस्तु; ढकनी; बिर्को । | ७९ |
| ३६ | परिचय | ना. | परि+चय | कुनै व्यक्ति; वस्तु आदिको पहिचान; चिनारी । | ७९ |
| ३७ | उज्ज्वल | वि. | उत्+ज्वल | चहकिलो; उज्यालो; चम्कने टलकदार । | ७९ |
| ३८ | उत्सुकता | ना. | उत्सुक+ता | चासो; अभिरूचि; इच्छा । | ७९ |
| ३९ | क्रीडा | ना. | क्रीड+आ | खेल । | ७९ |
| ४० | जिज्ञासा | ना. | ज्ञा+स+आ | कुनै कुरा जन्ने तथा बुझ्ने इच्छा; उत्कण्ठा; उत्सुकता । | ७९ |
| ४१ | चञ्चल | वि. | मूलशब्द | चकचक गर्ने; चकचके; छुकछुके । | ७९ |
| ४२ | स्वाभाविक | वि. | स्वभाव+इक | स्वभावले हुने; स्वभाव अनुसारको सहज । | ७९ |
| ४३ | उपहार | ना. | उप+हार | कसैको उन्नति प्रगति शुभ अवसर आदिमा दिइने कोसेली; सौगात भेट । | ७९ |
| ४४ | विज्ञापन | वि. | वि+ज्ञप्+अन | उद्योग; व्यापार आदिसँग सम्बन्धित संस्थाले आफ्ना उत्पादनहरूलाई सर्वसाधारणका लागि जानकारी दिन गरिने प्रचार; प्रसार । | ७९ |
| ४५ | प्रश्न | ना. | मूलशब्द | जान्ने इच्छाले कसैलाई केही सोध्ने काम; आफ्नो उत्सुकता शान्त पार्न गरिने सवाल सोधाइ । | ७९ |
| ४६ | एकान्तजन्य | वि.ना. | एकान्त+जन्य | अरू कोही नभएको; हल्लाबिनाको; | ७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | निर्जन । | |
| ४७ | मध्यम | वि. | मधय+म | आकृति गुण; रूप आदिका दृष्टिले बिचमा पर्ने; मध्यम उचाइ । | ७९ |
| ४८ | विशाल | ना. | वि+शाल | आकारका दृष्टिले धेरै फैलिएको; ठूलो आकारको; बडेमा; ठूलो । | ७९ |
| ४९ | स्तब्ध | वि. | स्तम्भ+त | छक्क परेको; अन्योलमा परेको; बिलखवन्द; आश्चर्यमा परेको; जिल्ल । | ८० |
| ५० | अङ्ग | ना. | मूलशब्द | शरीरको भाग; शरीरको अवयव । | ८० |
| ५१ | शरीर | ना. | मूलशब्द | अङ्ग प्रत्यङ्ग मिलेर बनेको प्राणीको आकृति; जिउ । | ८० |
| ५२ | प्राण | ना. | मूलशब्द | जीवनको शक्ति; जीवन; ज्यान । | ८० |
| ५३ | शृङ्खलाबद्ध | वि. | शृङ्खला+बद्ध | श्रृङ्खलामा बाधिएको; सिलसिला मिलेको; क्रमबद्ध; सिलसिलाबद्ध । | ८० |
| ५४ | ध्वनित | वि. | ध्वन्+इत | आवाजका रूपमा सुनिएको वा थाहा पाइएको । | ८० |
| ५५ | शून्यपना | ना. | शून्य+पना | शून्य हुँदाको स्थिति; रित्तोपन; खालीपन; निर्जनता; अभाव; सुनसान । | ८० |
| ५६ | भयानकता | ना. | भयानक+ता | डरलाग्दो स्थिति । | ८० |
| ५७ | हठात् | क्रि.यो. | हठ्+आत् | अकस्मात्; एक्कासी; सहसा । | ८० |
| ५८ | विचारधारा | ना. | विचार+धारा | कुनै विषय वा समस्यामा विभिन्न समयमा भएको विचारको श्रृङ्खला; निरन्तर भइरेको चिन्तन । | ८० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५९ | निस्तब्ध | वि. | नि+स्तब्ध | हल्ला नभएको; सुनसान; चकमन्न । | ८० |
| ६० | विशृङ्खल | वि. | वि+शृङ्खला | क्रम वा श्रृङ्खला नमिलेको अवस्था । | ८० |
| ६१ | पर्यन्त | ना.यो. | परि+अन्त | सम्म; तक । | ८० |
| ६२ | सहानुभूति | ना. | सह+अनुभूति | अरूको दुःख देख्दा दुःखित हुने अवस्था । | ८० |
| ६३ | धुम्रयुक्त | ना. | धुम्र+युक्त | धुँवा; ध्वाँसो; ध्वाँसेरङ । | ८० |
| ६४ | अव्यक्त | वि. | अ+व्यक्त | व्यक्त नगरिएको; नदेखिएको; अप्रकट; अप्रत्यक्ष; लुकेको । | ८० |
| ६५ | नीरव | वि. | नीर्+ख | आवाज वा होहल्ला नभएको; सुनसान; निर्जन; निश्शब्द । | ८० |
| ६६ | निश्चिन्त | वि. | निस् +चिन्ता | चिन्ता वा फिक्री नभएको; निस्फिक्री; बेफिक्री; ढुक्क । | ८० |
| ६७ | अवस्था | ना | अव+स्था | कुनै कार्य घटना आदिको स्थिति । | ८० |
| ६८ | मग्न | वि. | मज्+न | डुबेको; निमग्न । | ८० |
| ६९ | मन्द | क्रि.यो. | मूलशब्द | अलिअलि; विस्तारै । | ८० |
| ७० | कल्पना | ना. | कल्प+अन+आ | कुनै विषयमा उब्जिने मनको भावना | ८० |
| ७१ | निरूद्विग्न | वि. | निर्+उद्विग्न | उद्विग्न नभएको; नहडवढाएको; शान्त । | ८० |
| ७२ | निर्विकार | वि. | निर्+विकार | विकार नहुने; अन्य कारणले प्रभावित तथा विकृत नभएको; अविकृत; नबद्लिने; परिवर्तन नभएको । | ८० |
| ७३ | प्राणपर्यन्त | ना. | प्राण+पर्यन्त | प्राण रहेसम्म; जीवनको शक्ति | ८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रहेसम्म; ज्यान रहेसम्म । | |
| ७४ | उल्लास | ना. | उत्+लास | हर्ष; आनन्द; खुसियाली । | ८१ |
| ७५ | मिश्रण | ना. | मिश्र+अन | विभन्नि वस्तु मिसाउने काम; मिसावट; मिलावट; छ्यासमिस । | ८१ |
| ७६ | प्रवाह | ना. | प्र+वाह | पानीको धार; पानीको बहाव; हावाको बहाव; बहाइ; बहने काम वा प्रक्रिया; गति; चाल । | ८१ |
| ७७ | प्रवाहित | वि. | प्रवाह+इत | बगेको; बहेको वा बगाइएको प्रचारित; प्रसारित; बोकिएको वहन गरिएको । | ८१ |
| ७८ | मूक | वि. | मूलशब्द | बोल्न नसक्ने; बोली नभएको; बोल्न नसक्ने व्यक्ति; लाटो; गोज्याङग्रो; ठाउँ पर्दा पनि बोल्न नसक्ने; निमुखा; निरीह । | ८१ |
| ७९ | आकाङ्क्षा | ना. | आ+काङ्क्षा | इच्छा; चाहना; अभिलाषा । | ८१ |
| ८० | आर्द | वि. | मूलशब्द | भिजेको; ओसिएको; चिसो वस्त्र । | ८१ |
| ८१ | गृहस्थी | ना. | मूलशब्द | घरबार गरेर बस्ने आश्रम; चार आश्रम मध्येको दोस्रो आश्रम । | ८१ |
| ८२ | कर्तव्य | ना. | मूलशब्द | कुल परम्परा; नीतिनियम तथा सामाजिक आवश्यकताअनुसार गर्नुपर्ने वा अँगालिने काम । | ८१ |
| ८३ | अस्वाभाविक | वि. | अ+स्वाभाविक | स्वभाविक नभएको; हुनु पर्ने जस्तो नभएको । | ८१ |
| ८४ | संस्कृति | ना. | मूलशब्द | संस्कार; परिष्कार । | ८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८५ | सुदूर | वि. | सु+दूर | धेरै टाढा रहेको; निकै टाढाको । | ८१ |
| ८६ | भगवान् | ना. | मूलशब्द | ऐश्वर्य; सौभाग्य; यश; धर्म ज्ञान र विरागजस्ता छओटा तत्त्वले पूर्ण भएको ईश्वर; परमात्मा । | ८१ |
| ८७ | शङ्का | ना. | मूलशब्द | केही अनिष्ट होला कि भन्ने डर; आशङ्का; सन्देह । | ८१ |
| ८८ | वरदान | ना. | वर+दान | देवता; मान्यजन आदिले प्रसन्न हुँदा दिने वस्तु वा आशीर्वाद । | ८१ |
| ८९ | अवश्य | क्रि.यो. | अ+वश्य | निश्चय; पक्का वा जरूर भन्न अर्थ बुझाउनका लागि वाक्यमा प्रयोग हुने शब्द । | |
| ९० | सङ्ग्राम | ना. | मूलशब्द | युद्ध; रण; लडाइँ । | |
| ९१ | विश्लेषण | ना. | मूलशब्द | सश्लिष्ट भएको वा एउटैमा मिलेर रहेको कुरालाई अलग अलग छुट्याउने काम वा प्रक्रिया । | |
| ९२ | गरूङ्गो | वि. | | गरूङ्गा स्त्री गरूङ्गो । | |
| ९३ | विधिविधान | ना. | विधि+विधान | प्रचलित ऐन; कानुन वा विधान; धर्मशास्त्र; भाग्यको खेल; दैवको विधान । | |
| ९४ | शक्ति | ना. | मूलशब्द | बल; ताकत । | |
| ९५ | तृष्णा | ना. | तष्+न+आ | तिर्खा; प्यास; चाहना; लालसा; उत्कण्ठा । | |
| ९६ | अनन्त | वि. | अन्+अन्त | अन्त नभएको; असीमित; असीम; | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अथाह । | |
| ९७ | जीवनक्रम | ना. | जीवन+क्रम | प्राणीको जन्मेदेखि मृत्युसम्मको अवधिको रखाइ । | |
| ९८ | निराशा | ना. | निर्+आशा | आशा हराएको स्थिति; आशाको अभाव; निरूत्साह; वितृष्णा; विरक्ति; वैराग्य । | |
| ९९ | गृहिणी | ना. | गृह+इनी | घरकी मालिक्नी; घरपति; पत्नी । | |
| १०० | कदाचित् | क्रि.यो. | कदा+चित् | कथाञ्चित् । | |
| १०१ | अभिशाप | ना. | अभि+शाप | सराप; श्राप; आरोप; दोष; कलङ्क । | |
| १०२ | अवस्था | ना. | अव+स्था | कुनै कार्य वा घटना आदिको स्थिति । | |
| १०३ | हृदय न | ना. | हृत+अय | मन; मुटु; अन्तस्करण । | |
| १०४ | पत्नीत्व | ना. | पत्नी+त्व | पत्नी हुनाको भाव । | |
| १०५ | व्याघात | ना. | वि+आघात | चोट; आधात; विघ्न; बाधा । | |
| १०६ | छिद्र | ना. | मूलशब्द | प्वाल; दुलो; भ्वाङ । | |
| १०७ | श्राप | ना. | मूलशब्द | सराप । | |
| १०८ | पतिगृह | ना. | पति+गृह | श्रीमानको घर । | |
| १०९ | प्रदीप्त | वि. | प्र+दीप्त | प्रकाशले चम्केको; राम्ररी बलेको । | |
| ११० | मूर्ति | ना. | मूर्च्छ+ति | ढुङ्गो; माटो; धातु वा काठबाट बनाइएको प्राणी वा अन्य वस्तुको चित्र वा तस्बिर । | |
| १११ | समस्त | वि. | सम्+अस्त | एकै ठाउँमा जम्मा गरिएको; समग्र; | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सम्पूर्ण । | |
| ११२ | जगत् | ना. | मूलशब्द | संसार; विश्व । | |
| ११३ | विश्व | ना. | मूलशब्द | जगत; संसार । | |
| ११४ | शुष्क | वि. | शुष्+क | ताप; राप आदिले सुकेको सुक्खा । | |
| ११५ | निर्जीव | वि. | निर्+जीव | जीवन नभएको; प्राणहीन; मरेको; मृत । | |
| ११६ | पन्ध्र | संका | मूलशब्द | दशमा पाँच जोड्दाको सङ्ख्या; १५ अङ्क । | |
| ११७ | उदासीनता | ना. | उदासीन+ता | उदासीन अवस्था; असंलग्नता; निरपेक्षता । | |
| ११८ | शून्यता | ना. | शून्य+ता | शून्य हुँदाको स्थिति; रित्तोपन; खालीपन; निर्जनता; अभाव; सुनसान । | |
| ११९ | प्रयत्न | ना. | प्र+यत्न | कुनै कामका लागि गरिने चेष्टा; तत्परता; प्रयास; कोसिस । | |
| १२० | उत्साह | ना. | उत्+सह | कुनै कार्यका निम्ति मनमा उब्जेने जोस; जाँगर; हौसला । | |
| १२१ | मग्न | वि. | मज्+न | डुबेको; निमग्न; कुनै काम; विषय; चिन्तन आदिमा एकोहोरिसित लागेको; तल्लीन लट्ठ । | |
| १२२ | एकाग्र | वि. | एक+अग्र | एउटै कुरामा ध्यान दिएको; एउटै विषयमा मन केन्द्रित गर्ने; एकचित्त; तल्लीन; ध्यानमग्न । | |
| १२३ | अत्यन्त | क्रि.यो. | अति+अन्त | साह्रै; ज्यादै; धेरै । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२४ | प्राणपद | ना. | प्राण+पद | जीवनको शक्ति शब्द; मुख्य शब्द । | |
| १२५ | संसार | ना. | मूलशब्द | मान्छेले देख्ने; भोग्ने र अनुभव गर्ने सम्पूर्ण भौतिक जगत्; चराचर विश्व भुवन । | |
| १२६ | प्रशन्नता | ना. | प्रशन्न+ता | प्रसन्न व्यक्तिमा विशेषता; सन्तुष्टि; सन्तोष । | |
| १२७ | अङ्गप्रत्यङ्ग | ना. | अङ्ग+प्रत्यङ्ग | शरीरका अङ्ग अपाङ्ग शरीरका ठूला साना सबै भाग । | |
| १२८ | सञ्चित | वि. | सम्+चि+त | सञ्चय गरिएको; जम्मा गरिएको; बटुलिएको । | |
| १२९ | पूर्वपरिचय | ना. | पूर्व+परिचय | परिचय गर्नुभन्दा पहिले । | |
| १३० | दुष्कल्पना | ना. | दुस्+कल्पना | कुनै विषयमा उब्जिने मनेको खराब भावना । | |
| १३१ | अभीप्सित | वि. | अभीप्सा+इत | इच्छाएको; इच्छित । | |
| १३२ | उत्फुल्लता | ना. | उत्फुल्ल+ता | राम्ररी फुल्नु; फक्रिनु । | |
| १३३ | आकाश | ना. | आ+काश | पृथ्वीमाथिको खुला वा खाली ठाउँ; सगर; अकास । | |
| १३४ | निर्मल | ना. | निर्+मल | मल; दाग तथा खोट नभएको; दोष रहित; स्वच्छ; कञ्चन । | |
| १३५ | प्रतीत | वि. | प्रति+इ+त | हो कि जस्तो लागेको; निश्चित नभएको तर आभास भएको; भान भएको; ठानिएको । | |
| १३६ | किरण | ना. | मूलशब्द | सूर्य; चन्द्रमा आदिबाट निस्कने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | चम्किलो रेखा; त्यसको प्रकाश; ज्योति । | |
| १३७ | सुखकल्पना | ना. | सुख+कल्पना | मनमा हुने आनन्द; मनको शान्ति; खुसियाली; हर्ष आदिले खुसीमा भएको कल्पना वा सबै चाँजोपाँजो मिलेर हुने प्रिय वा अनुकूल अनुभूतिको कल्पना । | |
| १३८ | विभोर | वि. | | | |
| १३९ | शुभोत्सव | ना. | शुभ+उत्सव | भलो वा हित हुने काममा मनाइने उत्सव । | |
| १४० | भण्डार | ना. | मूलशब्द | सामान राख्ने कोठा; सुरक्षित रूपमा भाँडा आदि सामान राख्ने भित्री कोठा । | |
| १४१ | उद्विग्न | ना. | उत्+विग्न | आवेग तथा संवेगले आकुल व्याकुल; डर तथा त्रासले आतङ्कित; चिन्तित । | |
| १४२ | परिणामस्वरूप | क्रि.यो. | परिणाम+स्वरूप | परिणामको रूपमा; फलस्वरूप फलत : | |
| १४३ | अन्धकार | ना. | अन्ध+कार | प्रकाशको अभाव; अँध्यारो । | |
| १४४ | कण्ठ | ना. | मूलशब्द | चिउँडामुनि रूद्रघण्टीको आसपासको भाग; गला; घाँटी । | |
| १४५ | रोमपर्यन्त | | रोम+पर्यन्त | रौँ ठाडा पारून्जेलसम्म; आङ जिरिङ्ग हुन्जेल । | |
| १४६ | अक्षर | ना. | मूलशब्द | वर्णमालाको वर्ण वा लिपिचिह्न | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४७ | स्वागत | ना. | सु+आगत | आगन्तुक; पाहुना; मान्यजन आदि आउन लाग्दा देखाइने तत्परता; खातिरदारी । | |
| १४८ | निर्बल | ना. | निर्+बल | बल; शक्ति नभएको; दुर्बल । | |
| १४९ | परिणाम | ना. | परि+नम् | कुनै कार्य वा गतिविधिको फल; प्रतिफल; नतिजा; रिजल्ट । | |
| १५० | उत्सर्ग | ना. | उत्+सर्ग | असल कार्यका लागि केही कुरा त्याग्ने काम; कुनै मन पर्ने वस्तु वा सम्पत्तिको त्याग । | |
| १५१ | बन्धन | ना. | बन्ध+अन | बाँध्ने काम वा प्रक्रिया; बाँध्ने साधन । | |
| १५२ | आद्यन्त | ना. | आदि+अन्त | आदि देखि अन्त्यसम्म; थालनीदेखि टुङ्ग्याउनीसम्म । | |
| १५३ | सम्बद्ध | वि. | सम्+बद्ध | सम्बन्ध भएको; जोडिएको; गाँसिएको; मिलेको; सम्बन्धित; संलग्न | |
| १५४ | लक्ष्य | ना. | लक्ष+य | हासिल गर्नु पर्ने वा प्राप्त गर्नु पर्ने कुरा; जानु पर्ने ठाउँ; निश्चित गरिएको वा तोकिएको प्रयोजन; उद्देश्य; ध्येय । | |
| १५५ | शेष | वि. | मूलशब्द | बचेको; बाँकी रहेको; अवशिष्ट । | |
| १५६ | क्रमशः | क्रि.यो. | क्रम+शः | क्रमैसँग; क्रमले; सिलसिलाबद्ध तरिकाले । | |
| १५७ | भ्रम | ना. | मूलशब्द | एउटा वस्तुलाई अर्कै वस्तु ठान्दाको स्थिति; एउटा वस्तुमा अर्को वस्तुको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आभास; मिथ्या ज्ञान; भान । | |
| १५८ | युग | ना. | मूलशब्द | पुराण अनुसार ज्यादै लामो समयको अवधिलाई जनाउने शब्द; जुग । | |
| १५९ | व्यवसाय | ना. | वि+अव+साय | जीवन निर्वाहका लागि गरिने काम; इलम; वृत्ति; जीविका । | |
| १६० | सम्भावनीय | ना. | सम्भव+अनीय | सम्भाव्य । | |
| १६१ | प्राप्त | वि. | प्र+आप्+त | पाएको; लिइएको; मिलेको; भेटेको; फेला परेको; उपलब्ध । | |
| १६२ | स्मृति | ना. | स्मृ+ति | सम्झना; स्मरण; हेक्का । | |
| १६३ | स्वप्न | ना. | स्वप्+न | सपना; निदाएको अवस्था; निद्रा मनमा आभास हुने दृश्य । | |
| १६४ | सुकुमारता | ना. | सुकुमार+ता | कोमल शरीर भएको; सुकुमार शरीर; कोमल अङ्गको । | |
| १६५ | यौवन | ना. | मूलशब्द | तरूण अवस्था; जवानी; तन्नेरीपन | |
| १६६ | उपहार | ना. | उप+हार | कोसेली; कसैको उन्नति प्रगति शुभ अवसर आदिमा दिइने कोसेली; सौगात; भेट । | |
| १६७ | कृतज्ञता | ना. | कृतज्ञ+ता | कृतज्ञ भएको अवस्था; आभार; धन्यवाद । | |
| १६८ | सार्थकता | ना. | सार्थक+ता | अर्थ हुँदाको स्थिति; अर्थपूर्णता; सफलता; उपयोगिता । | |
| १६९ | व्यस्त | वि. | वि+अस्त | कुनै कार्य वा गतिविधिमा एकाग्र भएर लागेको; कामले फुर्सद नपाएको; | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बेफुर्सद । | |
| १७० | जीवनसूत्र | ना. | जीवन+सूत्र | जन्मेदेखि मृत्युपर्यन्तको धागो । | |
| १७१ | अस्तित्व | ना. | अस्ति+त्व | कुनै वस्तु व्यक्ति आदि छँदा वा रहँदाको स्थिति; हुनु वा रहनुको पन; स्थिति । | |
| १७२ | विलुप्ति | वि. | वि+लुप्ति | लुप्त भएको अवस्था; लोप । | |
| १७३ | द्वार | ना. | मूलशब्द | ढोका; दैलो । | |
| १७४ | अन्यमनस्क | वि. | अन्य+मनस् +क | अर्कै कुरामा ध्यान गएको; मन स्थिर नहुनाले ध्यान केन्द्रित नभएको । | |
| १७५ | अवस्था | ना | अव+स्था | कुनै कार्य घटना आदिको स्थिति । | |
| १७६ | शान्त | वि. | शुम्+त | शान्ति भएको; सन्नाटा छाएको; सुनसान । | |
| १७७ | क्लान्त | वि. | मूलशब्द | थाकेको; गलेको; थकित । | |
| १७८ | सन्ध्या | ना. | सन्धि+य+आ | बिहान र साँझको समय; दिन र रातको सन्धि; साँझ वा बिहान । | |
| १७९ | अनुराग | ना. | अनु+राग | कुनै व्यक्ति वस्तु वा विषयप्रतिको लगाब; झुकाब; आकर्षण वा प्रेम । | |
| १८० | प्रतीक | ना. | प्रति+क | खास वस्तु; विषय; दृश्य आदिलार्य जनाउनका लागि प्रयोग गरिने अर्को वस्तु; चिनो । | |
| १८१ | जीवनी | ना. | जीवन+ई | कुनै व्यक्तिको जीवनमा भएका गतिविधिका वर्ण गरिएको पुस्तक वा त्यस्तो विधा । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८२ | भग्न | वि. | भग्+न | भाँचिएको; टुटेफुटेको; भत्केको; बिग्रेको । | |
| १८३ | आशा | ना. | मूलशब्द | मनमा उब्जेको चाहना; धोको; इच्छा; अभिलाषा । | |
| १८४ | उदासीन | वि. | उत्+आसीन | स्थ; निरपेक्ष । | |
| १८५ | पीडा | ना. | पीड्+आ | शरीरमा प्रहार तथा आधात पर्दा हुने दर्द; वेदना कष्ट । | |
| १८६ | आशाहीन | वि. | आशा+हीन | मनमा उब्जने चाहना; धोको; इच्छा; अभिलाषा आदि नभएको । | |
| १८७ | व्यर्थ | वि. | वि+अर्थ | अर्थ वा महत्त्व नभएको; निष्प्रयोजन; निरर्थक । | |
| १८८ | मिथ्या | ना. | मूलशब्द | ढाँट कुरो; झुट । | |
| १८९ | उत्तर | ना. | उत्+तर | प्रश्न वा सवालको जवाफ; चार दिशामध्ये एक दिशा; पछि आउने वा पछिल्लो भन्ने अर्थमा । | |
| १९० | नीरव | वि. | निर्+ख | आवाज वा होहल्ला नभएको; सुनसान; निर्जन; निश्शब्द । | |
| १९१ | आर्त | वि. | मूलशब्द | आपतमा परेको; सङ्कटग्रस्त; दुःखी । | |
| १९२ | मानवदेह | ना. | मानव+देह | मानिसको शरीर; मनुष्यचोला; मानव जीवन । | |
| १९३ | हृदय | ना. | हृत+अय | मुटु; अन्तस्करण; मन । | |
| १९४ | रक्त | ना. | मूलशब्द | रगत । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९५ | बज्रप्रहार | ना. | बज्र+प्रहार | बज्र जस्तै लठ्ठी (लट्ठी); मुक्का हतियर; आदि हान्ने । | |
| १९६ | प्रदीप्त | वि. | प्र+दीप्त | प्रकाशले चम्केको; राम्ररी बलेको दीप्त; उदेपीप्त । | |
| १९७ | तत्क्षणै | क्रि.यो. | तत्+क्षणै | तत्कालै; तुरून्तै; लगत्तै; उतिनैखेर; उही बेला । | |
| १९८ | निर्जीव | वि. | निर्+जीव | जीवन नभएको; प्राणहीन; मरेको; मृत । | |
| १९९ | अन्तरिक्ष | ना. | अन्तर+ईक्ष | पृथ्वी र अन्य ग्रह; नक्षत्र वा ताराहरूका बिच रहेको खाली ठाउँ; आकाश । | |
| २०० | अत्यन्त | क्रि.यो. | अति+अन्त | साह्रै; ज्यादै; धेरै । | |
| २०१ | कष्टसाथ | वि. | कष्ट+साथ | कष्टका साथ; शारीरिक तथा मानसिक पीडा । | |
| २०२ | विचार | वि. | वि+चार | कुनै विषय; समस्या आदिका बारेमा सोचिएको कुरो; चिन्तन; मनन । | |
| २०३ | बज्रादपि | | | | |
| २०४ | कोलाहलमय | ना. | कोलाहल+मय | धेरै मानिसहरू कराएको; अस्पष्ट आवाज; हल्ला; होहल्ला । | |
| २०५ | त्रस्तु | वि. | त्रस् +त | डराएको; भयभीत । | |
| २०६ | दीर्घ | ना. | मूलशब्द | दाहिने; दाँया । | |
| २०७ | प्रतिक्षा | ना. | प्रति+ईक्षा | चाहेको वा खोजेको कुनै व्यक्ति वस्तु आदिलाई भेट्न वा पाउन गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ढुकाइ; कुराइ; रूडाइ । | |
| २०८ | नैराश्य | ना. | निराश+य | आशा क्षीण हुनाको भाव; निराशा भएको स्थिति । | |
| २०९ | तृष्णा | ना. | तृष्+न+आ | तिर्खा; प्यास; चाहना; उत्कण्ठा । | |
| २१० | कल्पना | ना. | कल्प+अन+आ | कुनै विषयमा उब्जने मनको भावना; देखेको वा नदेखेको कुनै कुराको मानसिक चित्र । | |
| २११ | आह्वान | ना. | आ+हवान | बोलाउने काम; बोलावट । | |
| २१२ | थाहापर्यन्त | ना. | थाहा+पर्यन्त | जानकारी भएसम्म । | |
| २१३ | प्रश्न | ना. | मूलशब्द | जान्ने इच्छाले कसैलाई केही सोध्ने काम; आफ्नो उत्सुकता शान्त पार्न गरिने । | |
| २१४ | अप्रत्यशित | वि. | अ+प्रत्यशित | आशा नगरिएको; अपेक्षा गरे विपरित । | |
| २१५ | आगमन | ना. | आ+गमन | आउने काम वा प्रक्रिया । | |
| २१६ | जीवनव्यापी | वि. | जीवन+व्यापी | प्राणीको जन्मेदेखि मृत्युसम्म फैलिएको; फिँजिएको । | |
| २१७ | समष्टि | ना. | सम्+अस् +ति | धेरै वस्तुको संयोग; उस्तै खालका धेरै वस्तुहरूको समूह । | |
| २१८ | चूर्ण | ना. | मूलशब्द | कुटेर वा पिँधेर बनाइएको धुलो । | |
| २१९ | विचूर्ण | ना. | वि+चूर्ण | राम्रोसँग पिँधिएको धुलो । | |
| २२० | सुदूर | वि. | सु+दूर | धेरै टाढा रहेको; निकै टाढाको | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२१ | क्षितिज | ना | क्षिति+ज | जोडिएजस्तो देखिने स्थान । | |
| २२२ | ध्वनि | ना. | ध्वन+इ | सुन्न सकिने आवाज उत्पन्न हुने प्रक्रिया; अर्थ सङ्केत गर्ने काम । | |
| २२३ | वर्तमान | वि. | वृत्+मान | अहिले भइरहेको वा चलिरहेको; अहिलेको; समसामयिक; समकालीन । | |
| २२४ | सामञ्जस्य | ना. | सामान+जस्य | रूप; रस; गुण; धर्म आदिमा एकरूप हुनाको भाव वा अवस्था । | |
| २२५ | बुद्धि | ना. | बुध्+ति | ज्ञान; बोध; समझ । | |
| २२६ | शिथिल | | | राम्ररी नकसिएको; खुकुलो; आज्ञा वा नियम विधानको राम्रो पालना नभएको । | |
| २२७ | उद्देश्य | ना. | उत्+दिश्+य | कामका लागि लिइने इच्छा; ध्येय । | |
| २२८ | प्रिय | ना. | मूलशब्द | अत्यन्तै प्यारो । | |
| २२९ | विषद् विशद | ना. | वि+शद | व्यापक; विस्तृत । | |
| २३० | विलुप्त | वि. | वि+लुप्त | लुप्त । | |

कथाकार भवानी भिक्षुद्वारा लिखित 'त्यो फेरि फर्कला ?' कथमा तत्सम; तद्भव र आगन्तुक शब्दहरू गरी जम्मा २४६५ शब्दहरू रहेका छन् । जसमध्ये ३१९ ओटा तत्सम शब्दहरू रहेका छन् । प्रतिशतका हिसाबले १२ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यो कथामा भएको पाइन्छ । 'त्यो फेरि फर्कला ?' कथामा आवृत्ति कथामा तत्सम शब्दहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ४ : शब्दको आवृत्ति

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| यात्री | १९ | स्वभाविकता | २ |
| स्वर | ४ | कल्पना | २ |
| क्षीण | ३ | मूक | ३ |
| द्वार | ५ | हृदय | ७ |
| प्रतीक्षा | ७ | दीर्घ | ३ |
| प्राण | २ | सन्तोष | ३ |
| अनुहार | ४ | उद्विग्न/उद्विग्न | २ |
| यौवन | २ | आफ्नो | २ |
| जीवन | ११ | पन्ध्र | ३ |
| भयानक | ६ | शरीर | २ |
| पीडा | २ | विचार | २ |
| पत्नी | ३ | ध्वनि | ४ |
| लक्ष्य | २ | गृहिणी | २ |
| सङ्कोच | २ | स्वप्न | २ |
| निराशा | २ | यात्रा | ३ |
| विलुप्त | २ | विशाल | २ |

तालिकाअनुसार 'त्यो फेरि फर्कला ?' कथामा ३२ ओटा तत्सम शब्दहरू आवृत्ति भएको पाइन्छ । जसमध्ये यात्री १९ पटक अर्थात् सबैभन्दा बढी आवृत्ति भएको देखिन्छ भने यौवन, पीडा,

लक्ष्य, सङ्कोच, निराशा, विलुप्त, विशाल, स्वप्न, गृहिणी, विचार, शरीर, आफ्नो, उद्विग्न, कल्पना, स्वाभाविकता आदि शब्दहरू सबैभन्दा कम २ पटक मात्र आवृत्ति भएको पाइन्छ ।

### ४.१.३ 'सफलताको कथा' मा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण

'सफलताको कथा'का लेखक नभएकोले कक्षा ११ को पाठ्यपुस्तक लेखक श्री बेगेन्द्र सुब्बा, श्री देवीप्रसाद घिमिरे, श्री रामचन्द्र खनाल र श्री ज्ञानेश्वर निरौला हुन् । यस रचनामा शब्दस्रोतका आधारमा हेर्दा तत्सम, तद्भव र आगन्तुक शब्दमध्ये तद्भव शब्दको प्रयोग बढी भएको पाइन्छ । यद्यपि तत्सम शब्दको प्रयोग पनि सन्दर्भअनुसार उल्लेखनीय रूपमा नै पाइन्छ । यस रचनामा प्रयोग भएका तत्सम शब्दलाई तालिकामा निम्नानुसार देखाइएको छ :

तालिका ५ : 'सफलताको कथा' मा प्रयुक्त तत्सम शब्दहरू

| क.सं. | शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | पत्रकारिता | ना. | पत्रकारी+ता | पत्रकारले गर्ने काम; छापा तथा विद्युतीय सञ्चार माध्यमबाट गरिने गतिविधि । | १२७ |
| २ | गौरव | ना. | मूलशब्द | गुरू अर्थात् महान् हुनाको अवस्था वा भाव; महत्त्व; महिमा । | १२७ |
| ३ | रूचि | ना. | मूलशब्द | खाने मन वा इच्छा; भोगको चाहना; अभिलाषा । | १२७ |
| ४ | विषय | ना. | मूलशब्द | कुनै पनि विचार गरिने कुरो वा वस्तु । | १२७ |
| ५ | अभ्यस्त | वि. | अभि+अस्त | अभ्यास गरेको; रफत गरेको; मिहिनेत गरेको; दक्ष; निपुण । | १२७ |
| ६ | महान् | वि | महात् | ठूलो; उच्च; विशाल । | १२७ |
| ७ | अत्माहित | वि | उत्साह+इत | उत्साह पाएको; प्रेरणा पाएको । | १२७ |
| ८ | जीवनी | ना. | जीवन+ई | कुनै व्यक्तिको जीवनमा भएका | १२७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गतिविधिको वर्णन गरिएको पुस्तक वा त्यस्तो विधा । | |
| ९ | प्रति | ना.यो. | मूलशब्द | तर्फ; तिर; पट्टि; पट्टि । | १२७ |
| १० | समर्पित | ना. | सम्+अर्पित | समर्पण गरिएको; चढाइएको; सुम्पिएको । | १२७ |
| ११ | तिर्खा | ना. | मूलशब्द | पानी खाने इच्छा; पानीको; तलतल; प्यास । | १२७ |
| १२ | दिनचर्या | ना. | दिन+चर्या | दिनभरि गरिने कामकाज; दैनिक जीवन; दैनिकी । | १२७ |
| १३ | सिन्धुपाल्चोक | ना. | मूलशब्द | ठाउँको नाम । | १२७ |
| १४ | गृह | ना. | मूलशब्द | आवास; निवास; घर । | १२७ |
| १५ | व्यथा | ना. | व्यथ्+आ | शरीरमा वा मनमा हुने पीडा; चिन्ता; पिर । | १२७ |
| १६ | लालयित | वि. | लालस+इत | लोभिएको; लब्ध; लोभी । | १२७ |
| १७ | विमानस्थल | ना. | विमान+स्थल | विमान उडाउने तथा ओराल्ने ठाउँ; हवाई मैदान । | १२७ |
| १८ | दुर्गम | वि. | दुर्+गम | जान कठिन; आवतजावत गर्न कठिन; विकट । | १२७ |
| १९ | विस्तार | ना. | वि+स्तर | कुनै वस्तु वा विषयलाई फैलाउने तथा बढाउने काम; फैलावट । | १२७ |
| २० | प्राचीनपन | ना. | प्राचीन+पन | | १२७ |
| २१ | कारण | ना. | कृ+अन | घटना वा कार्य उत्पन्न गर्ने तत्त्व; | १२७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कुनै परिणाम वा प्रभावको हेतु । | |
| २२ | मुक्त | वि. | मुच्+त | कसैको अधिन वा बन्धनबाट छुटेको; फुक्का; स्वतन्त्र । | १२७ |
| २३ | स्थान | ना. | स्था+न | कुनै वस्तु अडिने ठाउँ; आसन; मिट । | १२७ |
| २४ | लय | ना | मूलशब्द | गीत; कविता आदि गाउँदा हुने स्वरको उतारचढाब; आरोह; अवरोह; लेग्रो । | १२७ |
| २५ | छात्र | ना. | मूलशब्द | गुरुसँग पढ्ने व्यक्ति; शिष्य; चेलो; विद्यार्थी । | १२७ |
| २६ | एकान्तप्रिय | | एकान्त+प्रिय | एकान्त मन पराउनु; सुनसान ठाउँ मन पर्नु । | १२७ |
| २७ | पशुपती | ना | पशु+पती | पशु (सम्पूर्ण प्राणी) का स्वामी मानिएका देवता; महादेव; शिव । | १२७ |
| २८ | प्रतीक | ना. | प्रति+क | खास वस्तु विषय; दृश्य आदिलाई जनाउनका लागि प्रयोग गरिने अर्को वस्तु चिनो । | १२७ |
| २९ | पत्रकार | ना. | पत्र+कार | समाचार; लेख; रचना आदि लेख्ने एवम् सङ्कलन; सम्पादन र प्रकाशन गर्ने व्यक्ति । | १२७ |
| ३० | मोह | ना | मुह | कुनै वस्तु; विषय वा व्यक्तिका गतिविधिप्रति लट्ठ पर्दाको अवस्था; आकर्षण; लगानब; आसक्ति । | १२७ |
| ३१ | अचानक | क्रि.यो. | मूलशब्द | पहिले थाहा नभइकन; बिना सूचना; अकस्मात् एक्कासी । | १२७ |
| ३२ | रत्न | ना. | मूलशब्द | गहनामा जडिने बहुमूल्य वस्तु (हिरा; | १२७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मोती; मुगा आदि) जुहारत । | |
| ३३ | लेखकीयपन | ना. | लेखक+ईय+पन | लेखकको गुण वा विशेषता । | १२७ |
| ३४ | स्वास्थ्य | ना. | स्वस्थ+य | निरोगी हुँदाको अवस्था; शारीरिक तथा मानसिक स्वस्थता; आराम; निरोगिता; तन्दुरूस्ती । | १२७ |
| ३५ | स्वाभाविक | वि. | स्वभाव+इक | स्वभावले हुने; स्वभाव अनुसारको; सहज । | १२८ |
| ३६ | विनम्रता | ना. | विनम्र+ता | विनम्रमा हुने गुण; नम्रता; भद्रता; सुशिलता; शिष्टता । | १२८ |
| ३७ | स्मृति | ना. | स्मृ+ति | सम्झना; स्मरण; हेक्का । | १२८ |
| ३८ | पुनर्जीवित | वि. | पुनर्+जीवित | मर्न लागेर बाँचेको; फेरि जागेको । | १२८ |
| ३९ | रूचि | ना. | रूच्+ई | खाने इच्छा; स्वाद भोक । | १२८ |
| ४० | पिता | ना. | मूलशब्द | आफूलाई जन्म दिने व्यक्ति; बुबा; बाबु; जन्मदाता । | १२८ |
| ४१ | विश्व | ना. | मूलशब्द | पृथ्वीको सम्पूण भाग; संसार; जगत् । | १२८ |
| ४२ | अथाह | वि. | अ+थाह | थाहा पाउन वा पार पाउन नसकिने; अपार अगाध । | १२८ |
| ४३ | सीमित | वि. | सीमा+इत | यताउति भनि तोकिएको; हद वा सामाभित्रको; निश्चित । | १२८ |
| ४४ | परिधि | ना. | परि+धि | कुनै वस्तु; ठाउँ आदिले लिने क्षेत्र वा त्यसको चौतर्फि घेरो । | १२८ |
| ४५ | अतिथि | ना. | अ+तिथि | आमन्त्रित व्यक्ति; पाहुना । | १२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | प्रमुख | वि. | प्र+मुख | कुनै कार्य वा गतिविधिको मुख्य भूमिका वा नेतृत्व लिने । | १२८ |
| ४७ | कार्यक्रम | ना. | कार्य+क्रम | विशेष गतिविधि; समारोह उत्सव । | १२८ |
| ४८ | युवा | ना. | मूलशब्द | जवान; उमेर; तन्नेतरी | १२८ |
| ४९ | वर्ण | ना. | मूलशब्द | कुनै वस्तुको बाहिरी आकृति वा रूप; मान्छेको वर्ग; अर्थ भिन्न गराउन सक्ने उच्चार्य ध्वनि । | १२८ |
| ५० | युवक | ना. | युव+क | किशोर अवस्था पार गरेको प्रौढ अवस्था । | १२८ |
| ५१ | सुन्दर | वि. | मूलशब्द | देख्दा राम्रो; आकर्षक मनोरम; रमणीय । | १२८ |
| ५२ | श्याम वर्ण | ना. | श्याम+वर्ण | सेतो छाला । | १२८ |
| ५३ | वन | ना. | मूलशब्द | धेरै रूख विरूवा र बाक्लो झाडी भएको क्षेत्र; जङ्गल । | १२८ |
| ५४ | आकाश | ना. | आ+काश | पृथ्वीमाथिको खुला वा खाली ठाउँ; सगर; अकास । | १२८ |
| ५५ | उद्घोषक | ना | उत्+घोष+अक | कार्यक्रमको उद्घोण गर्ने व्यक्ति । | १२८ |
| ५६ | मायावी | वि. | माया+वि | छल; कपट गर्न जान्ने; झुक्याउन सक्ने; धोकेवाज; कपटी । | १२८ |
| ५७ | दर्शक | ना. | दृश+अक | हेर्न वा लेख्ने व्यक्ति । | १२८ |
| ५८ | रङ | ना. | रङ्ग | कालो; रातो; पहेँलो; हरियो; सेतो; निलो आदि वर्ण वा रङग । | १२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५९ | सङ्गीत | ना. | सम्+गीत | गीत गाउँदाको लय; बाजा बजाउँदाको ताल वा सुर गायन र वाद्य वादन; गान बजान । | १२८ |
| ६० | स्वर | ना. | मूलशब्द | व्यक्त वा अव्यक्त आवाज । | १२८ |
| ६१ | वनस्थल | ना. | वन+स्थल | वन भएको जमिन । | १२८ |
| ६१ | पत्रपत्र | वि. | पत्र+पत्र | धेरै पत्र; धेरै खात; खातैखात । | १२८ |
| ६२ | स्वप्निल | वि. | स्वप्न+इल | सपनामा देखिने; कल्पनाको काल्पनिक । | १२८ |
| ६४ | निस्पन्द | वि. | नि+स्पन्द | निष्पन्द । | १२८ |
| ६५ | पङ्खा | ना. | पङ्ख+आ | हम्कँदा; हल्लाउँदा वा घुमाउँदा हावा उत्पन्न गर्ने उपकरण । | १२८ |
| ६६ | प्रकृति | ना. | प्र+कृति | आफसे आफ उत्पन्न भएको वा आफैँ बनेको वस्तु । | १२८ |
| ६७ | निर्मित | वि. | निर्+मित | बनाइएको; निर्माण भएको बनेको । | १२८ |
| ६८ | स्वप्न | ना. | स्वप्+न | सपना; निदाएको अवस्था । | १२८ |
| ६९ | स्पर्श | ना. | स्पृश्+वा | हुने काम; छुवाइ वा त्यसबाट हुने प्रभाव । | १२८ |
| ७० | क्षण | ना | मूलशब्द | समयको ज्यादै सानो अंश वा परिमाण; छिन; एक पटक आँखा झिम्काउँदा लाग्ने समय; निमेष । | १२८ |
| ७१ | अकथारूपी | वि. | अ+कथारूपी | | १२८ |
| ७२ | व्यग्र | वि. | वि+अग्र | मनमा छटपटी भएको; व्याकुल; | १२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विहवल; आतुर; बेचैन । | |
| ७३ | प्रतीक्षा | ना. | प्रति+ईक्षा | कसैलाई पर्खने काम; बाटो हेराई; पर्खाइ । | १२८ |
| ७४ | औपचारिकता | ना. | औपचारिक+ता | औपचारिक हुँदाको स्थिति । | १२८ |
| ७५ | पुस्तक | ना. | मूलशब्द | पढ्ने तथा पढाउने लिखित वा मुद्रित पाठ्य सामग्री किताब । | १२८ |
| ७६ | शङ्का | ना. | शङ्क+आ | खराब हुन्छ कि भन्ने डर आशङ्का; सन्देह । | १२८ |
| ७७ | भवानी | ना. | भव+आनी | देवीको एक नाम । | १२८ |
| ७८ | भिक्षु | ना. | भिक्ष+उ | भिक्षा माग्ने व्यक्ति; भिखारी; भिक्षुक । | १२८ |
| ७९ | शैली | ना. | शील+ई | कुनै कार्य वा गतिविधि; ढङ्ग; ढाँचा; तरिका । | १२८ |
| ८० | दर्शनशास्त्र | ना. | दर्शन+शास्त्र | प्रकृति; जीवन; जगत्; ईश्वर वा कुनै विषयको गहन अध्ययन तथा चिन्तन गर्ने शास्त्र दर्शन । | १२९ |
| ८१ | प्राध्यापक | ना. | प्र+अध्यापक | विश्वविद्यालय पढाउने विशिष्ट श्रेणीको शिक्षक । | १२९ |
| ८२ | पत्रकार | ना. | पत्र+कार | समाचार; लेख; रचना आदि लेख्ने एवम् सङ्कलन सम्पादन र प्रकाशन गर्ने व्यक्ति । | १२९ |
| ८३ | ध्यान | | ध्यै+न | कुनै विषय वा कार्यमा विशेष रूचि लिई एकाग्र हुने काम । | १२९ |
| ८४ | बौद्ध | वि. | मूलशब्द | बुद्ध सम्बन्धी; बुद्धको धर्मसँग | १२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सम्बन्धित । | |
| ८५ | सम्बन्ध | ना. | सम्+बन्ध | कुनै वस्तुलाई अर्को वस्तुसँग जोड्ने काम; योग संयोग; संलग्नता । | १२९ |
| ८६ | प्रवचन | ना. | प्र+वचन | विशेषज्ञले कुनै विषयमा श्रोताहरू समक्ष दिएको व्याख्यान । | १२९ |
| ८७ | स्तूप | ना. | मूलशब्द | कसैको स्मारक समाधि; किल्ला । | १२९ |
| ८८ | सामाजिक | वि. | समाज+इक | समाजमा हुने; समाजमा पाइने; समाजसँग सम्बन्धित; समाजमा आधारित । | १२९ |
| ८९ | सञ्जाल | ना. | सम+जाल | जाल जस्तो फिँजिएको कुनै प्रणाली वा व्यवस्था; जाल; जालो । | १२९ |
| ९० | शिक्षा | ना. | शिक्ष+आ | देखेर; सुनेर; पढेर; सिकेर वा अनुभव गरेर प्राप्त हुने ज्ञान । | १२९ |
| ९१ | प्राणायाम | ना. | प्राण+आयाम | श्वास-प्रश्वासलाई नियमित गर्ने विधि वा त्यस्तो प्रक्रिया । | १२९ |
| ९२ | देवालय | ना. | देव+आलय | देवताका मन्दिर; देवल । | १२९ |
| ९३ | योगासन | ना. | योग+आसन | योगको अभ्यासका विभिन्न तरिका वा आसन । | १२९ |
| ९४ | दिनचर्या | ना. | दिन+चर्या | दिनभरि गरिने कामकाज; दैनिक । | १२९ |
| ९५ | आकर्षण | ना. | आ+कृष+अन | कसैलाई आफूतिर खिच्न वा तान्न सक्ने स्थिति; खिचाइ । | १२९ |
| ९६ | युरेन्द्र | ना. | युर+इन्द्र | | १२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९७ | मञ्च | ना. | मूलशब्द | नाटक आदि प्रदर्शन गर्नका लागि बनाइएको केही अग्लो विशेष प्रकारको ठाउँ । | १२९ |
| ९८ | एकाग्रता | ना. | एकाग्र+ता | एउटै कुरामा केन्द्रित हुँदाको स्थिति; ध्यानमग्न अवस्था । | १२९ |
| ९९ | समाधितर्फ | | समाधि+तर्फ | योग साधनाको आठौँ चरण वा अष्टाङ्ग योगको अन्तिम तहतिर । | १२९ |
| १०० | वक्ता | ना. | वच्+ता | बोल्ने व्यक्ति; भाषण गर्ने व्यक्ति; वाचक । | १२९ |
| १०१ | समाधि | ना. | सम्+आधि | योग साधनाको आठौँ चरण अष्टाङ्ग योगको अन्तिम तह । | १२९ |
| १०२ | उदाहरण | ना. | उत्+आ+हरण | कुनै सिद्धान्तको पुष्टिका लागि प्रस्तुत गरिने मिल्दोजुल्दो तथ्य । | १२९ |
| १०३ | योग | ना. | युज वा मूलशब्द | एकभन्दा वस्तुको मेल; संयोजन; संयोग; मिश्रण । | १२९ |
| १०४ | सुन्दर | वि. | मूलशब्द | देख्दा राम्रो; आकर्षक; मनोरम; रमणीय । | १२९ |
| १०५ | जीवन | ना. | जीव+अन | प्राणीको जन्मेदेखि मृत्युसम्मको अवधि; आयु; जीन्दगी । | १२९ |
| १०६ | प्राप्त | वि. | प्र+आप्+त | पाएको; लिइएको; मिलेको; भेटेको; फेला परेको । | १२९ |
| १०७ | नायक | ना. | नी+यक | अगुवा; नाइके । | १२९ |
| १०८ | श्रेय | ना. | मूलशब्द | हित हुने काम; भलाइ; कल्याण । | १२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०९ | आचार्य | ना. | आ+चर्+य | बाहुन क्षेत्रीको एउटा थर; शिक्षामा स्नातकोत्तर तहको उपाधि । | १२९ |
| ११० | गुरु | ना. | मूलशब्द | पढाउने व्यक्ति; शिक्षक; अध्यापक । | १२९ |
| १११ | भाषण | ना. | भाष्+अन | श्रोताहरूको समूहमा उभिई समसामयिक विषयमा गरिने मौखिक व्याखयान; कुनै विषयमा दिने प्रवचन । | १२९ |
| ११२ | खिन्न | वि. | खिद्+त | चिन्तित; दिकदार; उदास; दिक्क । | १२९ |
| ११३ | खिन्नता | ना. | खिन्न+ता | खिन्न हुँदाको अवस्था; दिकदारी । | १२९ |
| ११४ | प्रकाश | ना. | प्र+काश | उज्याला पार्ने तत्त्व; उज्यालो; ज्योति; आलोक । | १२९ |
| ११५ | गणित | ना. | गण्+इत | गणना वा हिसाबसँग सम्बन्धित शास्त्र । | १२९ |
| ११६ | निराशा | वि. | निर्+आशा | आशा हराएको; हताश । | १२९ |
| ११७ | अन्धकार | ना. | अन्ध+कार | प्रकाशको अभाव; अँध्यारो । | १२९ |
| ११८ | मृत्यु | ना. | मूलशब्द | मर्ने क्रिया; मरण; निधन; देहावसान । | १२९ |
| ११९ | स्तब्ध | वि. | स्तम्भ+त | छक्क परेको; अन्योलमा परेको । | १२९ |
| १२० | निश्चल | वि. | निस् +चल | नचल्ने; नचटपाउने । | १२९ |
| १२१ | मलिन | | | स्थिर; अविचल । | १२९ |
| १२२ | रेखा चित्र | ना. | रेखा+चित्र | रेखा वा धर्काहरू जोडेर बनाइएको चित्र । | १२९ |

लेखक बेगेन्द्र सुब्बाद्वारा लिखित ‘सफलताको कथा’ रिपोर्ताजमूलक रचनामा तत्सम, तद्भव र आगन्तुक शब्दहरू गरी जम्मा १६६७ शब्दहरू रहेका छन् । जसमध्ये १४१ ओटा तत्सम शब्दहरू रहेका छन् । प्रतिशतका हिसाबले ८.४५ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस रचनामा भएको पाइन्छ । ‘सफलताको कथा’ रचनामा आवृत्ति भएका तत्सम शब्दहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या ६ : शब्द आवृत्ति

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| पत्रकारिता | २ | पत्रकार | ५ |
| गौरव | २ | कार्यक्रम | २ |
| अचानक | २ | धयान | ५ |
| स्वास्थ्य | ५ | स्वर | २ |
| स्मृति | ३ | | |

तालिकाअनुसार ‘सफलताको कथा’ रचनामा ९ ओटा तत्सम शब्दहरू आवृत्ति भएको पाइन्छ । जसमध्ये स्वास्थ्य, पत्रकार, ध्यान शब्द जम्मा ५ पटक अर्थात् सबैभन्दा बढी आवृत्ति भएको देखिन्छ भने पत्रकारिता, गौरव, अचानक, कार्यक्रम स्वर शब्दहरू सबैभन्दा कम २ पटक मात्र आवृत्ति भएको पाइन्छ ।

## अध्याय पाँच

## निष्कर्ष र सुझाव

### ५.१ सारांश

प्रस्तुत अध्ययन कक्षा एघारको पाठ्यपुस्तकमा प्रयोग गरिएका तत्सम शव्दहरूको अवस्था के कस्ता छन् ती शब्दहरूको बनोट व्युत्पत्ति, वर्ग र आवृत्तिका अवस्था कस्ता छन् भन्ने कुराको अध्ययन गर्न विभिन्न विधिहरूको प्रयोग गरिएको थियो । विभिन्न पुस्तकहरूको सहायताले सुक्ष्म अध्ययन गरी शब्दको व्युत्पत्ति, वर्ग, आवृत्ति पृष्ठ संख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।

शोधपत्रमा कक्षा एघारको नेपाली पाठ्यपुस्तक अन्तर्गत कथा विधिमा प्रयुक्त २ ओटा कथा एउटा रचनामा कति मात्रामा तत्सम शब्दहरूको प्रयोग भएका छन्, प्रतिशतमा समेत उल्लेख गरिएको छ । प्रत्येक शब्दको व्युत्पत्ति र अर्थ खुलाई शब्दवर्ग समेत खुलाइएको छ । पाठ्यपुस्तकमा भएका २ ओटा कथाहरू 'गाउँको माया', 'त्यो फेरि फर्कला ?' र 'सफलताको कथा' रिपोर्ताजमुलक रचना मध्ये प्रतिशतको हिसाबले 'त्यो फेरि फर्कला' कथामा सबैभन्दा बढी र 'गाँउको माया' कथामा सबैभन्दा कम तत्सम शब्द प्रयोग भएको पाइयो । कक्षा एघारको पाठ्यपुस्तक अन्तर्गत कथाहरूमा तत्सम शब्दहरू नेपाली भाषाको स्रोत भएकाले यसको प्रयोग बढि भएका कथा पाठ्यपुस्तकमा समावेश गरिनु पर्ने देखिन्छ ।

### ५.२ निष्कर्ष

संस्कृत भाषा नेपाली भाषाको जननी भाषा हो । नेपाली भाषा संस्कृत भाषाबाट अपभ्रंश हुँदै विकसित भएको हुनाले नेपाली भाषा साहित्यमा संस्कृत भाषाका तत्सम शब्दहरू धेरै छन् । नेपाली भाषा साहित्यमा महत्त्वपूर्ण स्थान रहेकोले यी शब्दको प्रयोग उल्लेखनीय हुनुपर्ने देखिन्छ ।

कक्षा एघारको पाठ्यपुस्तक अन्तर्गत कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्ष अर्थात यो शोधकार्यको निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- शोधपत्रको रूपमा भाषा, शब्द, शब्द वर्गीकरण शीर्षक प्रयोजन आदिलाई प्रस्तुत गरिएको ।
- संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिई नेपाली भाषामा प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भनिएको ।

- शब्दलाई स्रोतको आधारमा मौलिक र आगन्तुक गरी दुई भागमा वर्गीकरण गरिएको र तत्सम शब्द मौलिक शब्द अन्तर्गत रहेको ।

- तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको ।

- तत्सम शब्दलाई शब्द, वर्ग, व्युत्पत्ति, अर्थ पृष्ठ र आवृत्तिसमेत उल्लेख गरिएको ।

- कुन कथामा जम्मा कति शब्द रहेको प्रतिशतमा समेत देखाएर प्रत्येक कथामा आवृत्ति भएका शब्दलाई तालिका सहित पुष्टि गरिएको ।

- तत्सम शब्दको वर्ग अन्तर्गत प्रत्येक तत्सम शब्दको वर्ग छुट्याएर नाम विशेषण छुट्याइएको ।

- तत्सम शब्दमा व्युत्पादन हुने शब्दको व्युत्पत्ति प्रक्रिया देखाइएको र नहुने शब्दलाई मूल शब्दकै रूपमा जस्ताको तस्तै राखिएको ।

### ५.३ उपयोगिता/ कार्यान्वयन

कुनै पनि अध्ययन वा कार्यको पछाडी कुनै न कुनै सकारात्मक र नकारात्मक पक्षहरू जेडिएर आउने गर्दछन् । यस अध्ययन तत्सम तथा नेपाली भाषाको बारेमा अध्ययन गर्न चाहने संस्था वा व्यत्तिलाई कुनै न कुनै अवस्थामा फाइदा पुग्ने देखिन्छ । त्यसैले यस अध्ययनका पनि केही उपयोगिताहरू यहाँ उल्लेख गरिन्छ :

- यस शीर्षकसँग सम्बन्धित रहेर अध्ययन गर्ने भावी अध्ययनकर्तालाई सहयोग पुग्ने देखिन्छ ।

- कक्षा एघारको पाठ्यक्रममा तत्सम शब्दको महत्त्व बुझाएर बढी तत्सम शब्द प्रयोग भएका कथा राख्न निर्देशन दिने कुरामा सहयोग पुग्छ ।

- संस्कृत तथा नेपाली भाषाको अध्ययनमा शब्दको व्युत्पत्ति र अर्थ पहिल्याउन सहयोग पुग्छ ।

### ५.३.१ नीतिगत तह

नेपाली तथा संस्कृत भाषाको महत्त्व दर्शाउन यो अध्ययनले पाठ्यक्रमको नीति निर्माणको तहमा निम्नानुसार सहयोग गर्ने देखिन्छ :

- भषाको पाठ्यक्रम परिमार्जन गर्न,

- पाठ्यक्रममा स्तर अनुकूल तत्सम शब्द आएका कथा समावेश गर्न,
- तत्सम शब्दाको महत्त्व ज्यादै भएकाले स्तर अनुकूल सरल तथा जटिल किसिममा तत्सम शब्द प्रयोग भएका कथा पाठ्यक्रममा समावेश गर्न,
- तत्सम शब्द नेपाली भाषाको जननी भाषा भएकाले नेपाली भाषाको विकासमा तत्सम शब्दको बढी भएका कथा पाठ्यक्रममा छनौट गर्न ।

### ५.३.२. कार्यान्वयन तह

तत्सम शब्दले नेपाली भाषाको विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउने भएकोले यो शोधपत्रले प्रयोगगत तहमा पनि सहयोग पुऱ्याउने देखिन्छ । यो शोधपत्रले कक्षा एघारमा प्रयोग भएका कथाहरूको अवस्थामा सम्बन्धित पक्षको ध्यान आकार्षण गर्दै पाठ्यक्रममा तत्सम शब्दको प्रयोग बढी मात्रामा भएका कथा छनौट गर्न र नेपाली भाषाको रूपमा तत्सम शब्दलाई महत्त्वपूर्ण मानी स्तरअनुसार पाठ्यक्रममा तत्सम शब्दको प्रयोग बढी र आवृत्तिसमेत बढी भएका कथा समावेश गरेर भाषाको बारेमा गहिरो अध्ययन गरिरहेको विद्यार्थी एवम् प्राध्यापक वर्गलाई सहयोग पुग्ने देखिन्छ ।

### ५.४ सुझावहरू

कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तक अन्तर्गत कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन र विश्लेषणबाट निकालिएको निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

- कक्षा विधामा प्रयुक्त कथाहरूमा कुनै कथामा ज्यादै न्यून तत्सम शब्दको प्रयोग भएको पाइन्छ । तर सबै कथामा समान रूपमा तत्सम शब्द प्रयोग गरिएका कथाहरू समावेश गरिनु पर्दछ ।
- अप्ठ्यारा शब्दको आवृत्ति धेरै पटक भएमा विद्यार्थीलाई अध्ययनमा सहजता हुन्छ ।
- सबै कथाको अन्त्यमा अप्ठेरा र दुबौध्य शब्दको शब्दार्थ र व्युतपत्ति स्तम्भ राखिनुपर्ने देखिन्छ ।
- कक्षा एघारको नेपाली पाठ्यपुस्तक अन्तर्गत कथा विधामा कथा छनौट गर्दा शब्दस्रोतको ख्याल गरी तत्सम, तद्भव र आगन्तुक सबै किसिमका शब्दको समानुपातिक मेल भएका कथा छनौट गर्नुपर्ने देखिन्छ ।

- तत्सम शब्दको पनरावृत्ति ज्यादै न्यून भएकाले शब्दको पुनरावृत्ति ज्यादा भएका कथा समावेश गर्नु पर्ने देखिन्छ ।

## ५.५ भावी अनुसन्धानका लागि शीर्षकहरू

अनुसन्धान आफैँमा गहन तथा विशिष्ट ज्ञान प्राप्तिको माध्यम हो । त्यसैले यसको क्षेत्र व्यापक रहेको छ । अनुसन्धान गहन अध्ययन र खोजपूर्ण तथ्यबाट मात्र सम्भव र व्यावहारिक हुने भएकाले यस शोध अध्ययनले समेट्न नसकेका थुप्रै चुनौतिहरू छन् । ती चुनौतिहरू भावी शोधकर्ताले अध्ययन अनुसन्धान गर्न सक्नेछन् । यस तहमा तत्सम शब्दमा केन्द्रित रहेर अनुसन्धान गर्न सकिने केही शीर्षकहरू यसप्रकार छन् :

- कक्षा एघारको नेपाली पाठ्यपुस्तक अन्तर्गत कविता विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।
- कक्षा एघारको नेपाली पाठ्यपुस्तक अन्तर्गत नाटक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।
- कक्षा एघारको नेपाली पाठ्यपुस्तक अन्तर्गत निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०६२), **समसामयिक नेपाली व्याकरण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०७३), **नेपाली कथा र उपन्यास,** काठमाडौँ : पिनाकल पब्लिकेसन ।

दाहाल, शान्ता (२०६७), **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

नेम्वाङ, देवी (२०७१), **कक्षा ९ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अधययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी ।

पोखरेल, बालकृष्ण र अन्य (सातौँ संस्करण २०६७), **नेपाली बृहत शब्दकोश,** काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बस्नेत, नारायण (२०७२), **स्नातक अनिवार्य नेपाली कथा विधामा प्रयुक्त तत्सम शब्दहरू,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरी ।

भण्डारी, पारसमणि (२०५९), **प्राज्ञिक लेखन तथा सम्पादन,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, डी.पी. (२०५९), **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, हिरा (२०६६), **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरी ।

यादव, वैद्यनाथ (२०७०), **स्नातक तहको प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी सनुसरी ।

लिम्बू, शीला (२०७३), **एम.एड प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन,** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरी ।

शर्मा वसन्तकुमार (२०६१), **नेपाली शब्दसागर,** काठमाडौँ : साझा प्रकाशन ।

## व्यक्तिवृत्त

नाम : उर्मिला श्रेष्ठ

जन्म मिति : २०३४/०५/१९

जन्मस्थान : सोल्मा-८, मेघा तेह्रथुम

पिता : कविराज श्रेष्ठ

माता : सरस्वता श्रेष्ठ

पति : गोकुल प्रधान

लिङ्ग : महिला

राष्ट्रियता : नेपाली

धर्म : हिन्दु

स्थायी ठेगाना : इटहरी-३, सुनसरी

सम्पर्क नं. : ९८४२४४५८५५

इमेल : urmilashrestha612@gmail.com

**शिक्षा**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|
| प्रवेशिका | श्री रत्न मावि सोल्मा तेह्रथुम | २०५० |
| अ.न.मी. | सुनसरी टेक्निकल स्कुल, धरान सुनसरी | २०५९ |
| प्रमाणपत्र | श्री म्याङ्लुङ क्याम्पस तेह्रथुम | २०५७ |
| स्नातक | श्री सुकुना बहुमुखी क्याम्पस, मोरङ | २०६३ |
| स्नातकोत्तर | श्री जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी | अध्ययनरत |